महिलाको आर्थिक पहुँचमा वृद्धि गर्नुपर्छ : हसिना खान | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ३१८ • २०८२ साल बैशाख ३ गते बुधबार (16 April, Wednesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## वीरगञ्जको छपकैया घटनामा संलग्न ४ पक्राउ



**अनिल तिवारी**

वीरगञ्ज । वीरगञ्जस्थित छपकैयामा उच्छृङखल गतिविधि गर्ने ४ जनालाई पर्सा प्रहरीले पक्राउ गरेको छ।

धार्मिक सद्भाव विथोल्ने आरोपमा दुई समुदायबीच भएको विवादको क्रममा दुईजना युवकलाई प्रहरीले मंगलबार साँझ पक्राउ गरेको प्रहरीले जनाएको छ। पक्राउ हुनेमा स्थानीय शेख खुर्शेद, जमुदिन ठकुराइर, बलजित सिंह कुशवाहा र नगवाका रबी सर्राफलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

चार दिन अगाडि हनुमान जयन्तीको अवसरमा निकालिएको शोभायात्रमा उच्छृङखल गतिविधि गर्दै धार्मिक सद्भाव विथोल्ने आरोपमा चारै जनालाई प्रहरीले नियन्त्रणमा लिएको प्रहरी स्रोतले जनाएको छ।

सिसिटिभि फुटेज, ड्रोन र सामाजिक सञ्जालको भिडिओ विश्लेषणको आधारमा चारैजनालाइ पक्राउ गरिएको पर्सा प्रहरी प्रवक्ता किशोर लम्सालले जनाए।

दुई युवकलाई पक्राउ गरिएको विरोधमा एक समुदायले मंगलबार राति जिल्ला प्रहरी कार्यालय पर्सा अगाडि पुगेका स्थानीय नेताहरुले विरोध जनाएका छन्। सर्राफ र कुशवाहाको रिहाइको माग गर्दै आफूहरु जिल्ला प्रहरी कार्यालय अगाडि विरोध गरेको उनीहरुले बताए।

पर्सा प्रहरीले सूचना जारी गरी विगत केही समयदेखि विभिन्न सामाजिक सञ्जालहरूमा समाजमा द्वेष एवं उत्तेजना सिर्जना हुने गरी सार्वजनिक भएका भ्रामक सूचनाहरूप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

# माग सम्बोधन नभए आन्दोलन रोकिदैन :महासंघ

## कक्षा १२ को प्रवेश पत्र वितरण रोकियो, भर्ना अभियान प्रभावित

**टुडे समाचारदता**

जनकपुरधाम । नेपाल शिक्षक महासंघको आह्वानमा जारी शिक्षक आन्दोलनको कारण सामुदायिक विद्यालयहरुको भर्ना अभियान प्रारम्भ हुन सकेको छैन।

मधेश प्रदेशमा वैशाख ३ गतेदेखि विद्यार्थी भर्ना अभियान सञ्चालन गर्ने कार्यक्रम राखिएको छ। वैशाख १ र २ गते सार्वजनिक विदा भएकाले ३ गतेबाट भर्ना अभियान चलाउने कार्यक्रम निर्धारण गरिएको थियो।

तर आन्दोलनको कारण अभियान सञ्चालन नहुने शिक्षकहरुले बताएका छन्। धनुषा जिल्लाको त्रिभुवन माध्यमिक विद्यालय बिन्धीका प्रधानाध्यापक देवेन्द्र यादवले शैक्षिक हड्तालमा विद्यालय भर्ना कार्यक्रम सञ्चालन हुन नसक्ने बताएका छन्।

'सबै शिक्षक आन्दोलनमा उत्रेका छन्, विद्यालयको सबै कार्य बन्द छ' उनले भने, शिक्षकको माग सम्बोधन नभएसम्म कुनै प्रकारको शैक्षिक गतिविधिमा शिक्षक संलग्न हुने छैन।

चैत २० गतेदेखि शुरु भएको शिक्षक आन्दोलनको कारण संघीय राजधानी काठमाण्डु अस्तव्यस्त हुन थालेको छ। देशभरिका हजारौँ शिक्षकशिक्षिकाहरु सडकमा दिनभरि बसेर विरोध प्रदर्शन गर्दै आएका छन्। १४ दिन वितिसक्दा पनि शिक्षकहरुको माग सम्बोधन गर्न सरकार लचिलो बनेको छैन। शिक्षकहरुको माग सम्बोधन गर्न सरकारले संसदको विशेष अधिवेशन आह्वान गर्नुपर्छ। त्यसका लागि प्रधानमन्त्री केपी शर्मा ओली, नेपाली कांग्रेसका




सभापति शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र सभामुख देवराज घिमिरे सहमत हुन अनिवार्य छ।

शिक्षक महासंघका पदाधिकारीहरुले संसदको विशेष अधिवेशन बोलाउन सरकारलाई अप्ठ्यारो भए अध्यादेश ल्याएर माग सम्बोधन गर्न सुझाव दिइरहेका छन्। सरकारले अध्यादेश ल्याएर माग पूरा गरे आगामी प्रतिनिधि सभाको बैठकबाट त्यो पारित हुने उनीहरुको कथन छ। नेपाली कांग्रेस, माओवादीलगायतका दलहरुले आन्दोलनप्रति ऐक्यवद्धता जनाउँदै माग सम्बोधन गर्न सरकारलाई आग्रह गरेकाले अध्यादेश संसदबाट पारित हुन समस्या नपर्ने आन्दोलनकारी शिक्षकहरुको तर्क छ। शिक्षक महासंघका पदाधिकारीहरुले मन्त्रालयसित वार्ता गर्न समेत तयार छैनन्।

शिक्षा मन्त्रालयले तयार पारेको बुँदाले शिक्षकको माग सम्बोधन नहुने भएकाले वार्तामा नबसेको शिक्षक महासंघका सहअध्यक्ष नानुमाया पराजुलीले बताइन्।

'उपलब्धि नहुने ठाउँमा बस्ने कुरा भएन। शिक्षा मन्त्रालयले समाधान गर्न सक्ने अवस्था छैन' उनले भनिन् तीन दलका शीर्ष नेता र सभामुख सहितको बैठक भए हामी मात्र वार्तामा जान्छौँ।

शिक्षकका माग सम्बोधन गर्ने विषयमा मंगलबार अर्थमन्त्री विष्णु पौडेल, गृहमन्त्री रमेश लेखक र शिक्षामन्त्री विद्या भट्टराईबीच छलफल भएको बताइएको छ। तर निष्कर्ष निस्कन सकेन।

शिक्षकहरुले विगतको जस्तो उधारोमा सहमति र सम्झौता गर्ने पक्षमा छैनन्। उनीहरुले विगतमा भएको सम्झौताको कार्यान्वयन गर्न चाहेका छन्। त्यसका लागि सरकारले शिक्षा ऐन संशोधन गर्नुपर्नेछ। प्रतिनिधि सभाको अधिवेशन समाप्त भइसकेकाले अर्को अधिवेशन कुर्नु, विशेष अधिवेशन डाक्नु अथवा अध्यादेशबाट ऐन संशोधनको बिकल्प छैन। ऐन संशोधन नभएसम्म शिक्षक सडकबाट विद्यालयमा फर्कने पक्षमा देखिदैनन्। सरकारले माग सम्बोधनमा ढिलाइ गरे कक्षा १२ को परीक्षा समेत प्रभावित हुने निश्चित छ।

११ गतेबाट हुने कक्षा १२ को परीक्षाका लागि प्रवेश पत्र वितरण समेत शिक्षकहरुले रोकेका छन्। हड्ताल समाप्त नभएसम्म कुनै शैक्षिक गतिविधि नहुने शिक्षकहरुले बताएका छन्। 'महासंघले सबै गतिबिधि बन्द गर्न निर्देशन जारी गरेकोले प्रवेश पत्र बितरण, भर्ना अभियान सबै रोकिएको छ' उनले भने, 'काठमाण्डुमा नगएका शिक्षक पनि विद्यालयमा गएर काम गर्न सक्दैन।'

विद्यालय भर्ना अभियान शिक्षकको सहभागिता बिना चलाउन कठिन रहेको जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहले बताएका छन्। 'शिक्षकहरुको अग्रसरतामा भर्ना अभियान सञ्चालन हुँदा त्यसमा जनप्रतिनिधिको सहभागिता हुनेछ' उनले भने, जनप्रतिनिधिले मात्र विद्यार्थी भर्ना अभियान चलाउन कठिन छ।

शिक्षकहरुको मागलाई सम्बोधन गर्न चौतर्फी दबाब बढे पनि सरकार अझै गम्भीर नदेखिएको शिक्षाविद्हरु बताउँछन्।






# राजस्वको १२ प्रतिशत नबढ्ने गरी ऋण उठाउन सिफारिस




काठमाण्डु। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आर्थिक वर्ष तीन तहका सरकारले उठाउन पाउने आन्तरिक ऋणको सीमा सिफारिस गरेको छ।

आगामी आर्थिक वर्षका लागि आन्तरिक ऋण उठाउँदा सङ्घ सरकारले मुलुकको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को पाँच प्रतिशत र प्रदेश तथा स्थानीय तहले आफ्नो आन्तरिक स्रोत तथा वित्तीय हस्तान्तरणबाट प्राप्तसमेत कुल राजस्वको १२ प्रतिशतभन्दा बढी नहुनेगरी ऋण उठाउन पाउने व्यवस्था भएको छ।

"देशको समष्टिगत आर्थिक स्थिति, राजस्व तथा खर्चको अनुमान र बजार सहजताको विश्लेषण गरी सरकारले आर्थिक वर्ष २०८२/८३ का लागि अनुमानित कुल गार्हस्थ्य उत्पादनको पाँच प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्नेछ", आयोगको सिफारिसमा भनिएको छ।

आन्तरिक ऋण उठाएर पुंजी सिर्जना गर्ने क्षेत्रमा मात्र सरकारले लगानी गर्नुपर्ने सुझाव दिइएको छ। राष्ट्रिय नीति तथा योजनामा आधारित भई लागत-लाभ विश्लेषणबाट आन्तरिक प्रतिफल दर वा खुद वर्तमान मूल्य उपयुक्त भएका परियोजना, राष्ट्रिय गौरवकाआयोजना,रुपान्तरणकारी आयोजना र मध्यकालीन खर्च संरचनाअन्तर्गतको पहिलो प्राथमिकता प्राप्त आयोजनाका लागि मात्र आन्तरिक ऋण उठाउन आयोगको सिफारिस छ।

प्रदेश र स्थानीय तहहरुले भने तोकिएको कानूनी प्रक्रिया पूरा गरेर मात्रै ऋण उठाउन सक्नेछन्। यसअघि सङ्घ सरकारको अनुमतिविना प्रदेशहरुले घाटा बजेट ल्याएर आन्तरिक ऋणलाई स्रोतका रुपमा देखाउने गर्दथे। तर वित्त आयोगले प्रक्रिया पूरा गरेर मात्रै आन्तरिक ऋणलाई स्रोतका रुपमा देखाउन भनेको छ।

"प्रदेश सरकारहरुले आन्तरिक ऋण परिचालनको संरचनागत र प्रक्रियागत प्रबन्ध पूरा भएको अवस्थामा आर्थिक वर्ष २०८२/८३ मा सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र प्रदेश सरकारको आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको बाह्र प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्नेछन्", सिफारिसमा भनिएको छ। प्रदेशहरुले पनि आन्तरिक ऋण उठाएको रकमलाई पुंजी सिर्जना गर्ने र गौरवका आयोजनामा लगानी गर्नुपर्ने छ।

प्रदेश सरकार मात्र नभई स्थानीय तहहरुले पनि आन्तरिक ऋण उठाउन सक्ने व्यवस्था गरिएको छ। आगामी आर्थिक वर्षका लागि स्थानीय तहहरुले सङ्घ र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र उनीहरुको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको बाह्र प्रतिशत नबढ्ने ऋण उठाउन सक्नेछन्।

**'पुजी सिर्जना गर्ने आयोजनामा मात्रै लगानी गर्नू'**

वित्त आयोगले पुँजी सिर्जना गर्ने र प्रतिफल दिने आयोजनामा लगानी गर्नका लागि मात्र ऋण लिन सरकारलाई सिफारिस गरेको छ। चालु खर्च धान्न ऋण उठाउन नहुने आयोगले जनाएको छ।

"आन्तरिक ऋणको उपयोग रोजगारीका अवसर सिर्जना, दीर्घकालीन लाभ प्रदान गर्ने तथा पुँजी निर्माणमा योगदान गर्नसक्ने आयोजनाहरुका लागि विनियोजन गरिनुपर्दछ। चालु र प्रशासनिक खर्चमा कडाईका साथ निषेध गरिनुपर्छ ", आयोगको सिफारिसमो छ।

आयोजनाहरुको पुँजीको लागत भन्दा आन्तरिक प्रतिफल दर अधिक भएका नाफामूलक आयोजनामा ऋण लगानी गर्नुपर्ने छ। ऋण लगानी गरी सञ्चालन हुने क्रमागत आयोजना वा नयाँ आयोजना पहिचान, विकास र छनोट गर्दा अन्य विषयका अतिरिक्त आयोजना वा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त हुने प्रतिफलबाट ऋण लगानीको साँवा र ब्याज भुक्तानी गर्न सकिने सुनिश्चिता हुनुपर्ने छ। आयोगको सिफारिसअनुसार उत्पादन वृद्धि, रोजगारी सिर्जना, आय वृद्धि, पूर्वाधार विकास र पुँजी निर्माण हुने पूर्वतयारी सम्पन्न भएका आयोजनामा आन्तरिक ऋण परिचालन गर्न सकिनेछ।

यसैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १४ मा उल्लेख भएबमोजिम सरकारको स्वीकृति प्राप्त भएपछि मात्र प्रदेश र स्थानीय सरकारहरुले आन्तरिक ऋणलाई बजेटमा स्रोतको रुपमा उल्लेख गर्नुपर्ने सुझाव आयोगको छ॥ तर प्रदेशहरुले भने आफुखुशी बजेट स्रोतका रुपमा आन्तरिक ऋण देखाउँदै आएका छन्।

**ऋण उठाउन सक्दैनन् प्रदेश, संघ सरकारको स्वीकृतिविना बजेट स्रोत देखाउँदै:**

नेपालको संविधान, २०७२ ले प्रदेश र स्थानीय तहलाई पनि आन्तरिक ऋण उठाउन सक्ने अधिकार दिएको छ भने बाह्य ऋण सङ्घ सरकारले मात्रै उठाउन पाउँछ। संविधानको धारा २५१ को व्यवस्थाबमोजिम तीनवटै तहका सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने जिम्मेवारी तथा दायित्व राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हो। आयोगले आर्थिक वर्ष २०७५/७६ देखि प्रदेश र स्थानीय सरकारलाई उनीहरुले उठाउन सक्ने ऋणको सीमा सिफारिस गर्दै आएको छ।

वित्त आयोगको सिफारिस हेर्दा आर्थिक वर्ष २०७५/७६ मा सङ्घीय सरकारलाई अनुमानित कुल गार्हस्थ्य उत्पादन ९जिडिपी०को पाँच प्रतिशत र प्रदेश तथा स्थानीय तहलाई उनीहरुको आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त रकमको १० प्रतिशतसम्म आन्तरिक ऋण उठाउन सक्ने सुझाव दिएको देखिन्छ। प्रदेश र स्थानीय सरकारले उठाउन सक्ने ऋणको सीमा आर्थिक वर्ष २०७७/७८ पछि भने बढाएर १२ प्रतिशत पुर्‍याइयो। आगामी आर्थिक वर्षका लागि पनि वित्त आयोगले यहि सिफारिस गरेको छ। प्रदेश र स्थानीय सरकारले आफ्नो राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त रकमको १२ प्रतिशतसम्म आन्तरिक ऋण उठाउन पाउने व्यवस्था छ।

सङ्घीयता कार्यान्वयन भएसँगै प्रदेश र स्थानीय सरकारले आर्थिक अधिकार पनि पाएका छन्। आफ्नो क्षेत्राधिकारभित्र बसेर आर्थिक अधिकारसम्बन्धी कानुन बनाउने, नीति तथा योजना तयार पार्ने, वार्षिक बजेट तर्जुमा गर्ने तथा कार्यक्रम कार्यान्वयन गर्ने र त्यसको लेखाङ्कन एवं लेखापरीक्षणसम्मका अधिकार प्रदेश र स्थानीय सरकारलाई छ। उनीहरुले आफ्नो वार्षिक बजेट अनुमान गर्दा अनुमानित आयभन्दा व्यय बढी हुनेगरी घाटा बजेट पनि जारी गर्न सक्छन्।

> आन्तरिक ऋण उठाएर पुँजी सिर्जना गर्ने क्षेत्रमा मात्र सरकारले लगानी गर्नुपर्ने सुझाव दिइएको छ।

केही प्रदेश र स्थानीय सरकारले आफ्नो घाटा बजेट पूर्ति गर्नका लागि अर्थात् वार्षिक बजेटको स्रोतमा आन्तरिक ऋण लाई देखाउँदै आएका भएपनि उनीहरुले हालसम्म आन्तरिक ऋण सङ्कलन र परिचालन भने गरेको देखिँदैन। उदाहरणका लागि गण्डकी प्रदेशले आन्तरिक ऋण उठाउने भन्न थालेको सात वर्ष भयो। गण्डकी प्रदेशको आर्थिक वर्ष २०७६/७७ यताका सबै बजेटको स्रोतमा आन्तरिक ऋणलाई पनि राखिएको छ। बागमती र सुदूरपश्चिम बाहेक अरु सबै प्रदेशका सरकारले कुनै न कुनै वर्षको बजेट स्रोतमा आन्तरिक ऋण देखाएका छन्।रासस

# भन्सार छलीको सामान बोकेको टेम्पोसंगै चालक पक्राउ


**टुडे समाचारदाता**

रौतहट। रौतहट प्रहरी गस्ती टोलीले गौरस्थित बस पार्कमा भन्सार छलीको अवैध सामान बोकेको टेम्पोसंगै चालक लाई पक्राउ गरेको छ।

सीमावर्ती भारतीय बजार बैरगनियाबाट भन्सार छली ल्याएको ४ लाख २९ हजार ९२० रुपैयाँ बराबरको कपडा, किराना, भाँडा बर्तन बोकेको ना २ ह ४६६० नम्बरको टेम्पोसहित चालक परोहा नगरपालिका- ४ का ३० वर्षीय उमेश कुमार यादवलाई जिल्ला प्रहरी कार्यालयबाट गएको टोलीले चेकजाँचको क्रममा पक्राउ गरेको जिल्ला प्रहरी प्रवक्ता डिएसपी दीपक कुमार रायले बताएका छन्।

बरामद भन्सार छलीको सामानसहित टेम्पो र चालक यादवलाई आवश्यक कारबाहीको लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाईएको जिल्ला प्रहरी कार्यालय रौतहटले मंगलबार जारी गरेको सूचनामा उल्लेख गरिएको छ।

रौतहट प्रहरीका प्रमुख एसपी दिलीप घिमिरेको निर्देशनमा प्रहरीले सञ्चालन गरेको तस्करी नियन्त्रण अभियान अन्तर्गत



करोडौँको भन्सार छलीको सामान, दर्जनौ सवारी साधन र तस्करलाई पक्राउ गरी कारबाहीको दायरामा ल्याइएको छ।

प्रहरीको सक्रियताले विगतको तुलनामा रौतहटमा भारतीय सामानको तस्करी न्यून प्रायः भएको जानकारहरुले बताए।

# दीप प्रज्ज्वलन गरी नयाँ वर्ष मनाइयो



**टुडे समाचारदाता**

रौतहट। राष्ट्रसेविका नेपालद्वारा नववर्ष वि.सं. २०८२ सालको उपलक्ष्यमा सप्तरी जिल्लाको गजेन्द्र चोकमा साँझ नेपालको नक्सा बनाइ दीप प्रज्जवलन कार्यक्रम गरिएको छ। राष्ट्र सेविका सप्तरी सम्पर्क प्रमुख सुनिता साहको अध्यक्षता तथा भूमि समस्या समाधान आयोगका सदस्य अनवर अलिको प्रमुख आतिथ्य एवम् विशिष्ट अतिथि जंगबहादुर सिंह, लोकेन्द्र झा, प्रयाग लाल यादव, मुरलीमनोहर चौधरी, हिन्दू स्वंयम्सेवक नगर संचालक हरिनारायण साहलगायतका अन्य महिला, युवा गन्यमान्य व्यक्तिहरुको सहभागीमा दीप प्रज्ज्वलन गरी वि.सं. २०८२ नववर्ष को आगमन गरिएको छ।

सो कार्यक्रममा सहभागीहरुले आफ्नो संस्कृतिलाई बचाउनु पर्नेमा जोड दिँदै विभिन्न प्रकारका पश्चिमा विकृति सभ्यतालाई अहिलेको युवायुवतीले जोड दिइरहेको हुनाले अन्यायाय, हिंसा, अपराध र बलात्कार जस्तो जघन्य अपराधहरु बढ्न थालेको बताएका छन्। सुनिता साहले भनिन्, 'जसलाई रोक्न अब एउटै मात्रै विकल्प छ संस्कृति, संस्कारमा जोड दिनुपर्छ अध्यारोमा वत्तिको प्रज्ज्वलन गरेर प्रकाशले उज्यालोमै पार्नुपर्छ र नव वर्ष मनाउँदा पनि हामी होटल, रेस्टुरेन्टमा पिकनिक गर्नु भन्दा राष्ट्रप्रतिको सम्मान गर्नु जरुरी छ, त्यसैले संस्कार र संस्कृति हाम्रो राष्ट्रको प्राण हुन्।'

समाजसेवी सुनिता साह लामो समय देखि सामाजिक कार्य तथा महिला सशतीकरणका क्षेत्रमा क्रियाशील रहेकी छन्।

# जहाँबाट सुरु हुँदैछ विश्वलाई जोड्ने कला-क्रान्ति

काठमाण्डु। नेपाली मौलिकता झल्किने घुमाउने घरको छानोमा गर्वका साथ झन्डा फरफराइरहेको देखिन्छ। दलानमा बाँसबाट बनाइएका आकर्षक मुड्का लस्कैरै छन्। अतिथि सत्कारका लागि राखिएका मुड्का कुनै खाली छैनन्।

मञ्चमा स्थानीयदेखि राष्ट्रिय कलाकारसम्मले विभिन्न लोपोन्मुख सांस्कृतिक प्रस्तुतिहरु पस्किरहेका छन्। दर्शकदीर्घा हरेक दिन भरिन्छ, बच्चादेखि बुढासम्मको उपस्थितिले। २०८१ चैत २८ गतेदेखि यहाँ राष्ट्रिय कला महोत्सव चलिरहेको छ। महोत्सवमा नेपालको मौलिक जीवनशैली झल्किने वस्तुहरू सजिएका छन्। परम्परागत घरको नमूना बनाइएको छ। यहाँ प्रदर्शन गरिएका रोङ्टे पिङ, ऐतिहासिक पुरातात्विक सामग्रीहरु, मौलिक बाजागाजादेखि जातीय झाँकी, गीत, लोक नृत्यमा संस्कृति बोलिरहेको छ। अर्गानिक खाद्यवस्तु, चियादानीमा उमालेको चिया र घरजत्रै ठेकीको मोहीसम्ममा नेपालीपन झल्किएको देखिन्छ।

खैंजडी भजनको लय, सुर र ताल, लोकदोहोरीको मिठास, स्थानीय र राष्ट्रिय कलाकारहरूको मन छुने प्रस्तुति महोत्सवका विशेषता हुन्। महोत्सवको भव्य उद्घाटन बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाबाट भएको थियो। वैशाख ३ गतेसम्म चल्ने यो महोत्सवमा हजारौँ दर्शकले आ-आफ्नो संस्कृति र पहिचानलाई नजिकबाट सिक्न, बुझ्न पाइरहेका छन्।



चपौली, बागमती प्रदेशको कमलामाई नगरपालिका-३ सिन्धुलीमा पर्दछ। यहाँको शान्त र सुरम्य परिवेशमा निर्माणाधीन छ, 'राष्ट्रिय कला सङ्ग्रहालय सिन्धुली कलाघर'। कलाघर पुग्न बिपी राजमार्गको सोलाभन्ज्याङ हुँदै सिन्धुलीगढी पार गरेर सात किलोमिटर अगाडि बढ्नुपर्छ। कालोपत्र सडकले यहाँ पुग्न सहज बनाएको छ। महोत्सव नचल्दा पनि पर्यटकलाई आकर्षित पार्दै गइरहेको यो स्थानले सिन्धुलीलाई कला नै कलाको पहिचानका रुपमा चिनाउँदै छ।

सिन्धुली कलाघरको प्राण हुनुहुन्छ, कलाकार चित्रबहादुर थापामगर 'सुमन'। चपौलीको स्थानीय बासिन्दासमेत रहनुभएका उहाँ सिन्धुली कलाघरको परिकल्पनाकार हुनुहुन्छ। कलाघरभित्र अनेक कलाहरु निर्माण गरी प्रदर्शनमा राखिएका छन्। चार रोपनी क्षेत्रफलमा फैलिएको कलाघर परिसरमा धार्मिकस्थल पशुपतिनाथ, बौद्धस्तूपा, भगवान् गौतमबुद्धको जन्मस्थान लुम्बिनी, जानकी मन्दिर, नौतले धरहरा, डम्फु, विश्वकै ठूलो सारङ्गी, मादल, मौलिक घुमाउने घर, लटरम्म फलेको जुनारको बोट, काठ तथा जराबाट बनाइएका कलाहरु, नेपाली मौलिक लोकबाजाहरु, परम्परागत लोपोन्मुख घरेलु तथा कृषि सामग्रीहरु, क्यानभास चित्रहरुलगायतका मौलिक संरचनाहरु कलामा रङ्गिएर बसेका छन्।

सिन्धुली कलाघर नेपाली मौलिकताको सम्मान, संस्कृति प्रवर्द्धन र सम्पूर्ण कला सिकाइको केन्द्र हो। बाहिरबाट हेर्दा सामान्य देखिने कलाघरभित्र अद्भुत कलाहरु सङ्गहित छन्। गौरीशङ्कर हिमालको टाकुरोबाट टल्किने दृश्य यहीँबाट देखिन्छ। प्राकृतिक सुन्दरता, शान्त परिवेश र प्रेरणादायी वातावरणले यहाँ पुग्ने सबैको मन मोहित बनाउँछ।

अबको १० वर्षभित्र १९५ मुलुकलाई कलाको स्वरुपमा उतारेर कलाघरलाई 'विश्व कलाघर' का रुपमा विकास गर्ने सङ्कल्पका साथ खटिएको सिन्धुली कलाघरका अध्यक्षसमेत रहनुभएको कलाकार सुमनले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "हामी कलाघरलाई यतिमै सीमित राख्दैनौँ, यो हाम्रो जीवनशैली, संस्कार र सम्पदा हो। कलाकारको आश्रम, सांस्कृतिक विश्वविद्यालय र कला अनुसन्धान केन्द्र निर्माण गर्ने उद्देश्य बोकेर हामी यो महाअभियानमा होमिएका छौँ।"

कलाघरभित्र कला आश्रम पनि बन्नेछ। जहाँ जीवनभर कलामा समर्पित कलाकारले बुढ्यौलीपन सम्मानका साथ बिताउन सक्नेछन्। जसबाट कलाकारको जीवनभरको साधनालाई सम्मान हुनेछ। "कलाकारको पनि बुढ्यौली आउँछ, रोगले गाँज्छ। त्यसबेला कलामा रमाएर जीवन बाँच्न सकियोस् भनेर कला आश्रम निर्माण गर्नुपर्छ भनी लागिपरेका छौँ," कलाघरको नेतृत्व गरिराख्नुभएका सुमनले भन्नुभयो।

कला बचाउन सके देश बच्छ भन्ने बुझाइ भएका कलाकार सुमनसँग धेरै विधाका कला अनुभव छन्। नेतृत्वकला, वाद्यवादन, अभिनय, कार्टुन निर्माण, नाटक लेखन तथा भिडियो निर्देशन, उद्घोषण, मार्सलआर्ट, काष्ठ तथा हस्तकला, नृत्य, क्यारिकेचरलगायत विविध सिर्जनात्मक कला उहाँले कलायात्राकै दौरानमा बटुल्नुभएको हो।

आफूले बटुलेका कला आफैँभित्र मात्रै सीमित राख्नुभएन बहुप्रतिभाका खानी कलाकार सुमनले। ज्ञान बाँडे बढ्छ भनेझैँ उहाँले आफूले सिकेका कला अरूलाई पनि सिकाउनु भयो। जसले पहिचान बनाए उहाँ जस्तै कलाकारको। जो आज सुमनकै परिकल्पना र अवधारणालाई सार्थक बनाउन रात-दिन नभनी पसिना बगाइरहेका छन्, कलाकारहरु-पवित्रा रम्तेल, रीता थिङ, निरुता लामा, सञ्चिता थापामगर, रीता विश्वकर्मा, रिता तामाङ, रुविना पुलामी, सिर्जना गोले, अम्बिका पुलामी, गङ्गा ठटाल, सिद्धबहादुर विक, पदमबहादुर सार्की, जीवन थापामगरलगायत।

युवाहरु वैदेशिक रोजगारीमा पलायन भइरहेकै बेलामा आफ्नै थातथलोमा बसेर कला र संस्कृतिलाई संरक्षण, संवर्द्धन गर्ने उद्देश्य राखेका उनीहरुले कलालाई मनोरञ्जनका रुपमा मात्रै होइन, रोजगारी र आत्मनिर्भरताको आधारका रुपमा पनि लिएका छन्। कलाघरका सबै कलाकारहरु पञ्चेबाजा बजाउनदेखि नाच्न, गाउन पनि उत्तिकै सिपालु छन्। उनीहरुलाई देश तथा विदेशका विभिन्न ठाउँहरुमा प्रस्तुतिका लागि बोलाउने गरिएको छ। जहाँ पुग्दा पनि आफ्नो कला, गलाले सबैको मन जितेर फर्कन्छन्। एक पटक बोलाएको ठाउँमा पटक-पटक बोलाउँछन्। उनीहरुको जीविका यसैबाट चलेको छ नै कलाघर निर्माणमा समेत मद्दत पुगेको छ।

बाहिरी कार्यक्रमबाट फुर्सद मिल्नासाथ कलाकारहरु कलाघर फर्कन्छन्। कसैले बाजाको अभ्यास गर्न थाल्छन्। कसैले नृत्यमा पारङ्गत हुन प्रयास गर्छन्। कसैले गीतलाई प्रभावकारी बनाउन रियाज गर्छन्। फलाम, काठ, ढुङ्गा र माटामा विभिन्न कलाकृति खोज्न कसिन्छन्। रासस


**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | तपाईलाई रमाइलो यात्रामा जानको लागि अवसर मिल्न सक्छ। |
| वृष : | सामान्य देखिनुका बाबजुद, ठुलो खाँचो पूरा हुनेछ। |
| मिथुन : | नयाँ व्यवसाय सुरु गर्ने अवसर छ। |
| कर्कट : | काममा सुधार आउनेछर पहिले असमर्थ देखिएका कामहरु सफल हुनेछन्, जसले उत्साह बढाउनेछ। |
| सिंह : | परिवारको सहयोगमा महत्वपूर्ण काममा सफलता मिल्नेछ। |
| कन्या : | तपाईका प्रशंसकहरु बढ्नेछन् र सम्मान पाइनेछ। |
| तुला : | अध्यान र अध्यापनमा प्रगति हुनेछ। |
| वृश्चिक : | विशिष्ट व्यक्तित्वको सहयोगले तपाईलाई विशेष अवसर मिल्नेछ। |
| धनु : | तपाईको क्षेत्रमा प्रभुत्व जमाउने समय आएको छ। |
| मकर : | विगतका कमजोरीहरु सुधार्ने अवसर पाइनेछ। |
| कुम्भ: | सूरुमा केही खर्च लागे पनि तपाईले सोचेका कार्यहरु सफल हुनेछन्। |
| मीन : | तपाईलाई विगतका कमजोरीहरु सुधार्ने अवसर मिल्नेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
**9812005378**




## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सर्लाहीको चन्द्रनगर गाउँपालिका-४ गरहा टोलस्थित किसानले गरेको करेला खेती। धान काटेर गरिएको सो खेती करेलाको लहरे लती सुकेपछि पुनः वर्षा याममा धानवाली लगाउने गरिन्छ। *तस्विरः रासस*

# तराई मधेशमा 'जुडशीतल' पर्व

महोत्तरी । तराई मधेशमा 'जुडशीतल' पर्व मनाइँएको छ। सोमबार 'सतुवाइन' मनाइएको यस क्षेत्रमा जुडशीतल मनाईएको छ । विक्रम संवत् परम्पराको नयाँ वर्ष प्रारम्भमा मनाइने दुईदिने पर्वमा पहिलो दिनलाई सतुवाइन र दोस्रो दिनलाई जुडशीतल भन्ने चलन छ। यद्यपि सतुवाइन पनि जुडशीतल पर्वकै अङ्ग भएको बताइएको छ।



वैशाख सङ्क्रान्तिका दिन सुरु हुने पर्व विधिमा पहिलो दिन चना (बदाम), जौं, मकै, कँगनो, गहुँ, चामल र मुँगसहित सातथरि खाद्यान्नको सातु र माटोको अः रामा सख्खरको सर्वत बनाएर कूलदेवतालाई चढाएपछि कूलपुरोहित, ब्राह्मण र साधुहरूलाई दान गरेर खाने चलन छ।

यसैगरी दोस्रो दिन (वैशाख २ गते) घरपरिवारका ज्येष्ठजनले आफूभन्दा सानालाई शिरमा जल सिञ्चित गर्दै आरोग्यता, शीतलता र दीर्घजीवनको आशीर्वाद दिने गर्दछन्।

मिथिलामा घरका कूलदेवताको पूजाआराधना गरिने थौरै पर्वमध्ये जुडशीतल पर्दछ । यस पर्वमा पकाइने सबै खाद्य परिकार इष्टदेवता (कूलदेवता)लाई चढाउने परम्परा छ। बढ्दो गर्मीबीच मनाइने यो पर्वमा दहीको प्रयोगमा जोड दिइन्छ । त्यसैगरी गुणकारी सोहिजन (मुन्गा)को तरकारी, चनाको पीठोको बेसनबाट 'बरी' पकाएर 'कढीबरी' (बरीलाई मथिएको दहीमा पकाएर बनाइने परिकार), काँचो केरा, लौका, परवलसहितका तरुवा पर्वका खास परिकार मानिन्छन्।

नयाँ वर्षले जीवनमा शीतलता प्रदान गर्न सकोस् भन्ने पर्वको मुख्य सन्देशको पृष्ठभूमिमा गर्मी मौसमको यस पर्वमा सुपाच्य र शरीरलाई स्वस्थ्य राख्ने चना (बदाम) को सातु, दाल, सोहिजनको तरकारी, बदामको पीठोबाट बनाइएको बरी र दही मथेर कढी पकाएर खाइने परम्परा चलेको मैथिल लोकसंस्कृतिका ज्ञाता पूर्वप्रशासक तथा साहित्यकार जलेश्वरको बखरी बस्तीका बासिन्दा ८७ वर्षीय महेश्वर राय बताउनुहुन्छ।


सहकालको प्रतीक मानिने यस पर्वमा वर्षभरि अनुकूल वर्षाको कामना गर्दै मैथिलहरूआज मध्याह्न साथीसङ्गीबीच धुलो माटो र हिलो छ्यापाछ्याप गर्ने तयारीमा छन्। जुडशीतल पर्वमा आफ्ना खेतबारीका रुखबिरुवामा पानी सिञ्चित गरेर कहिल्यै पनि आवश्यक चिस्यानको कमी नहोस् भन्ने कामना गरिन्छ।

मिथिलामा सबै जाति समुदायले मनाउने यो पर्वको आपसी सद्भाव, हेलमेल र सहकार्य मुख्य सन्देश रहेको छ। खासमा नयाँ वर्ष प्रारम्भसँगै यो वर्षभरि खेतीपातीका लागि अनुकूल समय रहोस् भन्ने पर्वको मुख्य सन्देश रहेको बलवा-१० धमौराका ७० वर्षीय कामेश्वर झा बताउनुहुन्छ।रासस

# बारा-पर्सा औद्योगिक करिडोरमा श्रम अदालत नहुँदा श्रमिक समस्यामा

वीरगन्ज । बारा-पर्सा औद्योगिक करिडोरमा श्रम अदालत नहुँदा श्रमिक र रोजगारदाताबीचको कानुनी उपचार खोज्नका लागि सङ्घीय राजधानी काठमाडौँ धाउनुपर्ने बाध्यता कायमै छ।

यसबाट श्रमिक र रोजगारदाताको समय र खर्च दुवै बढी हुने कारणले पनि न्यायको पहुँचसम्म पुग्न हिच्किचाइरहेको अवस्था छ। मुलुकभरकै श्रमिक तथा रोजगारदाताहरू श्रमसम्बन्धी मुद्दा लिएर श्रम अदालत काठमाडौँ जाँदा अदालतमा पनि मुद्दाको चाप बढी हुँदा न्याय प्राप्तिका लागि धेरै समय खर्चिनुपर्ने बाध्यता पनि थपिएको छ।



नेपाल ट्रेड युनियन काङ्ग्रेस मधेस प्रदेशका पूर्वअध्यक्ष लक्ष्मण कुर्मी बारा-पर्सा औद्योगिक करिडोरमा श्रम अदालत नहुँदा यहाँका मजदुरले ठूलो समस्या भेल्दै आइरहेको बताउनुहुन्छ। "उद्योगी र व्यवसायीबाट पीडित भएको श्रमिक न्याय खोज्नकै लागि श्रम अदालत काठमाडौँ धाउनुपर्ने समस्या यथावत् नै छ", उहाँले भन्नुभयो, "बिहान-साँझ श्रम गरेर खानुपर्ने श्रमिक आफ्ना सबै कुरा छाडेर कानुनी उपचारका लागि काठमाडौँ धाउनुपर्ने बाध्यताको अन्त्य गर्न जरुरी भइसकेको छ। हामीले पटकपटक बारा-पर्सा औद्योगिक करिडोर क्षेत्रलाई समेट्नेगरी श्रम अदालत स्थापना गर्न माग गरिसक्यौँ, तर अहिलेसम्म पनि कार्यान्वयन हुनसकिरहेको छैन।"

अध्यक्ष कुर्मीले अहिले पर्साकै कानुन न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसिया पर्साकै हुनुभएकाले पनि उहाँले पहलकदमी गरेको खण्डमा श्रम अदालत वीरगन्जमा ल्याउन सकिने बताउनुभयो । "पर्साबाटै निर्वाचित हुनुभएका प्रतिनिधिसभा सदस्य कानुनमन्त्री बन्नुभएको छ।

> अध्यक्ष कुर्मीले अहिले पर्साकै कानुन न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसिया पर्साकै हुनुभएकाले पनि उहाँले पहलकदमी गरेको खण्डमा श्रम अदालत वीरगन्जमा ल्याउन सकिने बताउनुभयो ।

पक्कै पनि उहाँले पहलकदमी गरेको खण्डमा श्रम अदालत बनाउन कुनै अप्ठ्यारो हुने थिएन कि !" उहाँले भन्नुभयो, "ठूला खालका औद्योगिक करिडोर भएका स्थानमा श्रमसम्बन्धी विवाद पनि धेरै हुने भएकाले श्रम अदालतको आवश्यकता र औचित्य धेरै नै छ। त्यसैले पनि यहाँ श्रम अदालत स्थापनाका लागि जोडदार माग राख्दै पनि आइरहेका छौँ।"

श्रमिकसँग जोडिएका मजदुरका तीनवटै सङ्गठनले पटक-पटक बारा-पर्सा औद्योगिक करिडोरमा श्रम अदालत स्थापना हुनुपर्ने माग राख्दै आइरहेका छन्। तर, अहिलेसम्म श्रम अदालत भने स्थापना हुनसकेको छैन। श्रमिकका नेतामात्र नभएर बारा-पर्साका औद्योगिक करिडोरमा उद्योगधन्दा सञ्चालन गर्दै आइरहेका उद्योगी व्यवसायी पनि यहाँ श्रम अदालत हुनुपर्नेमा जोड दिँदै आइरहेका छन्।

वीरगन्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरि गौतम उद्योगधन्दाबाट मर्का परेका श्रमिक न्याय खोज्न काठमाडौँ धाउनुपर्ने परिपाटीको अन्त्य गर्न जरुरी रहेको बताउनुहुन्छ। "झापा वा महेन्द्रनगरका कुनै उद्यमीले श्रमिकलाई अन्याय गरेपछि न्याय खोज्न श्रमिक काठमाडौँको श्रम अदालत धाउनुपर्ने बाध्यता विद्यमान छ। त्यहाँको श्रमिक न्याय खोज्नका लागि काठमाडौँ आउन निकै झन्झटिलो छ।

त्यसैले पनि उद्योगमा ती श्रमिक पिल्सिएर नै बस्नुपर्ने अहिलेको अवस्थाले देखाउँछ", उहाँले भन्नुभयो, "श्रमिकले उद्योग वा रोजगारदाताविरुद्ध श्रम अदालतमा मुद्दा दायर गरेको खण्डमा पनि सो मुद्दाको फरफारक गर्न उद्योगी तथा रोजगारदाता पनि श्रम अदालत काठमाडौँ नै धाउनुपर्ने अवस्था कायमै छ। अहिलेको एउटामात्र श्रम अदालत न त श्रमिकको पक्षमा न उद्योगी तथा रोजगारदाताको पक्षमा नै छ।

त्यसैले पनि सकेसम्म प्रदेश-प्रदेशस्तरमा भए पनि श्रम अदालतको व्यवस्था गर्न अनिवार्यजस्तै भइसकेको छ।"

अध्यक्ष गौतमले बारा-पर्सा औद्योगिक करिडोरमा ५० हजारभन्दा धेरै श्रमिक कार्यरत रहेकाले पनि यहाँ श्रमसम्बन्धी धेरै विवाद र मुद्दा पर्ने भएकाले पनि श्रम अदालत स्थापना गर्नुपर्ने बताउनुभयो। पर्सा र बारामा ठूला खालका उद्योगधन्दा यति नै छन् भन्ने खालको एकीन तथ्याङ्क नभए पनि आठ सयदेखि बाह्र सयको हाराहारीमा रहेको अनुमान गरिएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको राष्ट्रिय आर्थिक गणना २०७५ अनुसार पर्सामा औद्योगिक उत्पादन गर्ने प्रतिष्ठानको सङ्ख्या भने एक हजार ६४६ रहेको छ। त्यसैगरी कृषि, वन तथा माछापालन व्यवसाय दर्ता भएका प्रतिष्ठानको सङ्ख्या १२६ छ। बारामा पनि औद्योगिक उत्पादन गर्ने प्रतिष्ठानको सङ्ख्या एक हजार २२५ छ। कृषि, वन तथा माछापालन व्यवसाय दर्ता भएका प्रतिष्ठानको सङ्ख्या भने १५२ रहेको छ।

**यस्तो छ कानुनी व्यवस्था**

श्रम ऐन, २०७४ को दफा १५१ मा सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक सङ्ख्यामा श्रम अदालत गठन गर्ने व्यवस्था गरिएको छ।

अधिवक्ता रामनारायण कुर्मी बारा-पर्सा औद्योगिक सानाठूला गरेर एक हजारभन्दा धेरै उद्योग कलकारखाना भए पनि श्रमिकसम्बन्धी कुनै विवाद भएको खण्डमा श्रम अदालत काठमाडौँ धाउनुपर्ने बाध्यता रहेको बताउनुभयो।

"यहाँ श्रम अदालतको आवश्यकता भए पनि अहिलेसम्म राज्यले ध्यान दिन सकिरहेको छैन", उहाँले भन्नुभयो, "मजदुरको श्रमसम्बन्धी विवाद वा गुनासो सुन्ने ठाउँ नहुँदा पनि उनीहरू समस्यामा परिरहेका छन्।" अधिवक्ता कुर्मीले श्रम ऐन, २०७४ मा उच्च अदालतलाई श्रम अदालतको काम गर्ने जिम्मेवारी तोक्ने व्यवस्था भए पनि अझै कार्यान्वयनमा आउन नसकेको बताउनुहुन्छ।

श्रम ऐन, २०७४ को दफा १५८ मा उच्च अदालतले श्रम अदालतको काम गर्ने सम्बन्धमा कानुनी व्यवस्था पनि गरेको छ । "यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै उच्च अदालतलाई क्षेत्राधिकार तोकी श्रम अदालतको काम गर्नेगरी तोकिदिन सक्नेछ", श्रम ऐनमा भनिएको छ।

तर, सरकारले राजपत्रमा सूचना प्रकाशित गरेको खण्डमा मात्र उच्च अदालतले श्रमसम्बन्धी मुद्दाको कारबाही र किनारा लगाउन सक्ने थियो । सोसँग सम्बन्धित व्यवस्था नहुँदा श्रमिक र रोजगारदाता दुवैले सास्ती भोग्दै आइरहेका छन्। उपदफा १ बमोजिम तोकिएको उच्च अदालतले मुद्दाको कारबाही र किनारा गर्दा यस परिच्छेदबमोजिम श्रम अदालतले प्रयोग गर्नुपर्ने सबै अधिकार प्रयोग गर्न सक्ने छ। श्रम अदालतमा अध्यक्ष र दुई जना सदस्य रहने प्रावधान छ । उच्च अदालतका बहालवाला न्यायाधीश वा उच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेको व्यक्ति श्रम अदालतको अध्यक्ष वा सदस्य हुन योग्य हुने छ।

सङ्घका अध्यक्ष गौतमले उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जलाई श्रम अदालतको जिम्मेवार निकाय तोकेको खण्डमा मात्र पनि श्रमिक र रोजगारदाता दुवै सहज न्यायको पहुँचमा पुग्ने बताउनुभयो।

"श्रम अदालत भएसँगै श्रमिकले सहज ढङ्गले आफ्नै घरदैलो पनि न्यायमा सहज पहुँच र न्याय प्राप्त गर्न सक्ने छ । उद्योगपतिहरूले पनि अर्धन्यायिक निकायबाट भन्दा पनि न्यायिक निकायबाट आफ्नो मुद्दाको निरुपण गर्ने मौका प्राप्त गर्न सक्छ", उहाँले भन्नुभयो, "सङ्घीयताको मर्मअनुरुप श्रम अदालतले विकेन्द्रीकृतलाई जोड दिने छ । न्यायको पहुँचमा पुर्याउन मद्दत पुग्ने छ।"रासस

# आईपीयूमा नेपालका दुई सांसदले जिम्मेवारी पाउनु महत्त्वपूर्ण सफलता



काठमाण्डु । विश्वभरका संसद्को सङ्गठन 'अन्तर व्यवस्थापिका सङ्घ (आईपीयू)' अन्तर्गतका समितिमा सांसद डाक्टर अञ्जान शाक्य र सोविता गौतम विजयी हुनु नेपालका लागि सुखद् विषय भएको बताइएको छ।

आईपीयू को १५० औं महासभाबाट नेतृत्व लिनुभएका सांसदहरू डा शाक्य र गौतमको स्वागत-सम्मान तथा संसदीय मामिलाका पत्रकारसँगको छलफलमा उहाँहरूको विजय नेपालको गौरवको विषय भएको भन्दै खुसी व्यक्त गरिएको हो । एसिया-प्रशान्त क्षेत्रको तर्फबाट नेपालको प्रतिनिधित्व गर्दै राष्ट्रियसभा सदस्य डा अञ्जान शाक्य आईपीयूको दिगो विकास समितिमा विजयी हुनुभएको थियो। माल्दिभ्स र इरानका दुई उम्मेदवारलाई पछि पार्दै उज्बेकिस्तानमा भएको सम्मेलनमा उहाँ नेपालबाट प्रतिनिधित्व गर्दै विजयी हुनुभएको थियो।

एसिया-प्रशान्त क्षेत्रबाट ३६ देशको प्रतिनिधित्व भए पनि निर्वाचनमा भने १५ वटा देशको मात्रै प्रतिनिधित्व रहेको थियो। शाक्यलाई ६ मत प्राप्त भएको थियो भने माल्दिभ्सले ५ र इरानले ४ मत मात्रै प्राप्त गरेको थियो।

मानवअधिकार, लैङ्गिक समानता, जलवायु परिवर्तनलगायतका विषयमा विश्वका सांसदहरूलाई सशक्तिकरण गर्ने उद्देश्यसहित अघि बढिरहेको आईपीयू पहिलो पटक त्यो पनि निर्वाचनमार्फत नेपालको प्रतिनिधित्व गर्न पाउँदा आफूलाई खुसी लागेको पनि शाक्यले बताउनुभयो।

नेपालका तर्फबाट सशक्त भूमिका निर्वाह गर्न सक्ने अपेक्षा गरेर आईपीयूको दिगो विकास स्थायी समितिमा रहेका ३६ देशका सभामुखलाई सभामुख देवराज घिमिरेले पत्र लेख्दै शाक्यलाई समर्थनका लागि आग्रह गर्नुभएको थियो। छलफलमा सभामुख घिमिरेले भन्नुभयो, "सङ्घीय संसद् सचिवालयको अन्तराष्ट्रिय सम्पर्क तथा समन्वय महाशाखाले गरेको विश्वास, पहल र प्रयासले पनि सफलतामा थप सहयोग प्राप्त भयो।"

आइपियूको स्वास्थ्यसम्बन्धी समिति सदस्यमा नेपालका तर्फबाट सांसद गौतम निर्वाचित हुनुभएको छ। उहाँ निर्विरोध निर्वाचित हुनुभएको हो। सांसद गौतमले नै सदस्यीय टोलीमा दुई जना महिला रहेको र दुवै जनाले जिम्मेवारी प्राप्त गर्नु खुसीको कुरा भएको बताउनुभयो।रासस

# 'सङ्घीयताको प्रभावकारी कार्यान्वयन नहुँदा काम गर्न अप्ठेरो'

त्रिवेणी । कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री राजकुमार शर्माले सङ्घीयताको प्रभावकारी कार्यान्वयन नहुँदा काम गर्न अप्ठेरो भइरहेको बताउनुभएको छ।



मंगलबार जिल्ला अस्पताल विकास समिति रुकुम पश्चिमले आयोजना गरेको जिल्ला अस्पताल भवन अनुगमन तथा भेटघाट कार्यक्रममा उहाँले एकले अर्काको थाप्लोमा समस्या थुपारेर समस्याको समाधान नहुने बताउनुभयो । पूर्वमुख्यमन्त्री शर्माले नीतिको प्रभावकारी कार्यान्वयन नहुँदा, प्रशासकीयस्वरूप, निर्वाचन प्रक्रिया र राजनीतिक अस्थिरताले पनि विकास निर्माणमा प्रभाव पारिरहेको बताउनुभयो । "स्थानीय, प्रदेश सङ्घ तथा यसको व्यवस्थित परिचालनको अभावमा पनि अप्ठेरो भइरहेको छ। प्रदेश, सङ्घ र स्थानीय तहका फरकफरक योजना छन्, योजना जसमार्फत कार्यान्वयन भए पनि जनता नै लाभान्वित हुने हुन् भनेर काम गर्नुपर्छ। समन्वय र सहकार्यको माध्यमबाट योजना कार्यान्वयन गरिनुपर्छ", उहाँले भन्नुभयो।रासस

# पुनः सुरु भयो माओवादी केन्द्रको जागरण अभियान

नवलपुर। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को 'जनतासँग माओवादी हुलाकीमार्ग केन्द्रित तराई-मधेस जागरण अभियान' नवलपुरको गैँडाकोटबाट सुरु भएको छ। झापाबाट सुरु भएको अभियान गत चैत ८ मा चितवन पुगेर स्थगित गरिएको थियो।




अभियानका लागि सोमबार साँझ नै माओवादी केन्द्रका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सहितको टोली गैँडाकोट आइपुगेको थियो। नयाँ वर्षको अवसर पारेर नवलपुरबाट पुनः अभियान सुरु गरिएको अध्यक्ष दाहालले बताउनुभएको थियो। गैँडाकोटबाट अभियान पुनः सुरु गर्न पाउँदा खुसी लागेको अध्यक्ष दाहालको भनाइ थियो।

अध्यक्ष दाहालसहितको टोलीले आज बिहान गैँडाकोट-४ को गैँडाकोट पम्पिङ स्किम खानेपानीबाट अभियानको सुरुआत गरेको छ। उक्त टोलीले यहाँ करिब पाँच किलोमिटर 'मर्निङ वाक' गरेको माओवादी केन्द्र गैँडाकोट नगर समितिका अध्यक्ष प्रकाश अधिकारीले जानकारी दिनुभयो। अभियानका क्रममा अध्यक्ष दाहालले गैँडाकोट-८ स्थित लखन चोकमा रहेको नेपालका प्रथम सहिद लखन थापाको सालिकमा माल्यार्पण गर्नुभएको थियो।

अभियानका क्रममा अध्यक्ष दाहालले नगरपालिकाभित्र रहेका पार्टी निकट सहिद परिवार, शुभेच्छुकलगायतका व्यक्तिहरूसँग समेत भेटघाट र कुराकानी गर्नुभएको थियो । माओवादी केन्द्रका उपाध्यक्ष नन्दकिशोर पुन पनि अभियानमा सहभागी हुनुहुन्छ।

अध्यक्ष दाहालले अभियानअन्तर्गत मंगलबार दिउँसो देवचुली नगरपालिकाको रजहर, जिल्ला सदरमुकाम कावासोतीलगायतका स्थानमा सम्बोधन गर्ने कार्यक्रम रहेको जनाइएको छ । अभियानका क्रममा मंगलबार नवलपुर केन्द्रित कार्यक्रम रहने नगर अध्यक्ष अधिकारीले जानकारी दिनुभयो। रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# शिक्षकको माग पूरा गर

नेपालभरि शिक्षकहरु काठमाण्डुमा १४ दिनदेखि शान्तिपूर्ण ढंगले विरोध प्रदर्शन गरिरहेका छन् । शिक्षकहरुले विगतमा सरकारले गरेको सम्झौताको कार्यान्वयनको माग गरिरहेका छन् । शिक्षकहरुले सरकारसित थप माग राखेको छैन । विगतमा सरकारले गरेको सम्झौता अनुचित थिएन । तर सम्झौता भएको साल वितिसक्दा पनि कार्यान्वयन नगर्नु सरकारको कमजोरी हो । शिक्षकहरु चैत २५ गतेदेखि सम्पूर्ण विद्यालय बन्द गरी हड्तालमा उत्रेका छन् । उनीहरुको आन्दोलनमा दिनप्रतिदिन संख्या थपिदैं छ । अनेक राजनीतिक दलहरुले समर्थन गरिरहेका छन् । विभिन्न संघसंस्थाहरु शिक्षकको आन्दोलनमा एक्यवद्धता जनाउँदै हड्तालमा उत्रने चेतावनी दिइरहेका छन् । सत्तासीन दल नेपाली काँग्रेसले पनि आन्दोलनकारी शिक्षकको माग सम्बोधन गर्न सरकारलाई आग्रह गरेको छ । सरकारलाई समर्थन गरेका दलहरुले पनि शिक्षकहरुको माग सम्बोधन गर्न सरकारलाई आग्रह गरेका छन् । शिक्षकहरुको आन्दोलनलाई समर्थन बढिरहेको छ । चौतर्फी समर्थनबाट उत्साहित आन्दोलनकारी शिक्षकहरुले कक्षा १२ को परीक्षा समेत बहिष्कार गर्ने घोषणा गरेको छ । वैशाख ११ गतेदेखि कक्षा १२ को परीक्षा हुने माध्यमिक परीक्षा बोर्डले समय तालिका सार्वजनिक गरेको छ । शिक्षकहरुको आन्दोलनलाई चर्काउन शिक्षकहरुले सबै शिक्षकलाई अनिवार्य रुपमा राजधानी केन्द्रित आन्दोलनमा सहभागी हुन आह्वान गरेका छन् । नेपाल शिक्षक महासंघले जारी राखेको आन्दोलनको माग सम्बोधन नगरिए चालु शैक्षिक वर्षको शैक्षिक क्यालेण्डर नराम्ररी प्रभावित हुनेछ । शिक्षकहरुले अहिले नै एसईई परीक्षाको उत्तरपुस्तिका जाँच्न छाडेका छन् । विद्यार्थी भर्नाको अभियान चलाउन सरकारले निर्णय गरे अनुसार वैशाख २ गतेदेखि शुरु हुनुपर्ने हो । तर शिक्षकहरु आन्दोलनमा रहेकाले त्यो अभियान नराम्ररी प्रभावित भइरहेको छ । नेपाल शिक्षक महासंघको आव्हानमा थप शिक्षकहरु काठमाण्डुमा उत्रे जनजीवनलाई समेत प्रभावित हुनेछ । शिक्षकहरुको प्रति देखिएको समर्थन र उनीहरुको प्रतिवद्धताले माग पूरा नभएसम्म शिक्षकहरु काठमाण्डु छाड्ने पक्षमा छैनन् । सरकारले नै सम्झौता गरेको माग पूरा गर्न आलटाल गर्नु दुर्भाग्यपूर्ण हो । शिक्षकलाई सरकारले धोका दिइरहेको छ । शिक्षकको मागलाई सबै दलबाट समर्थन रहेकाले सरकारले शिक्षा ऐन ल्याउन कठिनाइ हुने देखिदैन । सरकारले ल्याउने ऐनलाई सबै दलले समर्थन गर्ने वातावरण बनेको छ । त्यसकारण शिक्षकहरुको माग सम्बोधन हुने ऐन संसदबाट पास गराउन सक्छ । संसदको विशेष अधिवेशन बोलाएर शिक्षकहरुको मागलाई सरकारले सम्बोधन गरी सहानुभुति लिने अनुकुल वातावरण छ । लामो समयदेखि शिक्षकहरुले एकै किसिमको माग लिएर आन्दोलन गर्दै आएका छन् । उनीहरुको माग जायज रहेकाले नै विगतको सरकारले सम्झौता गरेको थियो । त्यो सम्झौताको कार्यान्वयन नै शिक्षकहरुको माग हो । सरकारले शिक्षकको माग पूरा गरी पठनपाठनलगायतका शैक्षिक गतिविधिहरुलाई नियमित गराउनु पर्छ ।

# एक युग पुरुष रामनारायण मिश्र र उनको स्मृति भवन



प्रफुल्ल घिमिरे

बढी दुःखका साथ लेखिरहनु परेको छ जनकपुर धामको बिचित्र विडम्बना पुर्ण संकीर्ण कष्टदायी अवस्था ।

राम नारायण मिश्रको स्मृति भवन निर्माणका सन्दर्भमा व्यक्तिगत स्वार्थ पुर्तिकालागी राजनीतिक आश्थाका सँकुचित घेरामा रुमलिएका केही सकिर्ण विचार बोकेका जनकपुर धामका तथाकथित केहि पात्रहरूले बिरोध गर्नु ,गराउनु भनेको प्रजातान्त्रिक आन्दोलन प्रति असहमति राख्नु हो भन्दा उपयुक्त नै होला।

जसले देखेका ,सुनेका छैनन,पढेका छैनन् राणा कालिन १०४ बर्षे जहाँनिया निरुकुंश बर्बर, त्रासदिपुर्ण शासन । जसले निरंकुश तानाशाही निर्दिलिय पञ्चायती व्यवस्थाको शाही शाशनको विरुद्धमा संघर्ष गरेकै छैनन आज त्यस्ता पात्रहरूले जान अनजानमा विरुद्ध गर्नु स्वभाविकै हो। तर जसले , जसको राजनीतिक दलले प्रजातान्त्रिक आन्दोलनका संघर्षमा महत्तवपूर्ण योगदान पुर्याएका छन् ती दलका नेतृत्वमा रहेका व्यक्तित्वहरुले प्रजातान्त्रिक आन्दोलनका महान हस्तिहरु माथि विष वमन गर्नु, अनादार गर्नु , उनले गरेका योगदानको अवमूल्यन गर्नु भनेको विक्षिप्त दिवालियापन मानसिकताको उपज हो।

प्रजातान्त्रिक आन्दोलनका एक अथक योद्धा , जसले जीवनमा अनेकौं संघर्षरत वेदना युक्त अति कष्ट्मय अवस्थामा पनि त्याग, तपस्या संघर्ष र बलिदानको मार्गमा आफुलाई क्यान्सर जस्तो भयंकर बिरामी भएको थाहा पाउदा पाउदै पनि प्रजातान्त्रिक प्राप्तिका खातिर्नैन ढृढता पूर्वक उभिरहे , सुन्दरीजलका कारावासमा राजा महेन्द्रले निवेदन देउ उपचाररत म छाडिदिन्छु भनि बारम्बार खवर पठाउदा पनि निरंकुश पञ्चायती व्यवस्थाका पर्वतक निरंकुश राजा महेन्द्रको अगाडि कहिल्यै झुकेनन । उनी भन्ने गर्थे म जेलमा नै मर्न तयार छु। सुन्दरी जलको कारावासमा गणेशमानजिलाई वार्ताको क्रममा भनेका थिए - " सर दिया पर शर नही दिया" साच्चै नै उनले भनेका उक्ति चरितार्थ गरेर नै देखाए ।

तराई मधेसबाट प्रतिनिधित्व गर्ने अलौकिक अद्भुत अध्यात्मिक चिन्तन बोकेका नेपाली प्रजातान्त्रिक आन्दोलनका संघर्षरत गाथाहरुमा ढृढता पूर्वक उभिएका साहसिक नेता हुन रामनारायण मिश्र ।

खैर यिनका नालिबेली खोतल्दै जाँदा यिनको जन्म सन्त पिता अम्बिका शरण मिश्र एवं धर्मपरायण माता शिबदुलारिको गर्भबाट विक्रम संवत् १९७९ जेष्ठ शुक्ल एकादशी (५ जुन १९२२) का दिन महोत्तरी जिल्लाको पिपरा गाउका प्रसिद्ध रहेका मिश्र परिवारमा भएको थियो।

यिनका पिता माता भगवतीका उपासक थिए। साक्षत माता भगवतिको दर्शन हुने गर्थ्यो। सिद्ध पुरुषका रुपमा मानिन्थ्यो । सहज रूपमा भावी घटनाहरु शुचना दिने गर्थे ।

रामनारायण मिश्र पाँच वर्षको हुँदा उनका पिताजीको बिन्ध्याचल गएर भगवती को दर्शन गर्ने इच्छा भयो। बाटैमा आफ्नो श्रीमतीलाई भने मेरो अन्तिम अवस्था आइसकेको छ तिमी आफ्नो सिउदोंको सिन्दर र हाथको चुरा हटाउ । बिन्ध्याचल पुगे पश्चात् भगवतीको मन्दिरमा तीन चार दिन सम्म मातालाई गुहार लगाए । मलाई लिएर हिड, मलाई लिएर हिड। नभन्दै उनी बिमारी भए। यथाशिघ्र नै शरीर त्याग गरि दिए।

पिताको मृत्यु पश्चात् काकाको सानिध्यतामा रामनारायणजिको पर्वरिस हुन थाल्यो। नेपालमा कालरात्रीकाममा त्रासदी पुर्ण राणा कालिन अवस्थामा बिधालयहरु खोल्नु जघन्य अपराध नै थियो। वरिपरि बिधालय थिएनन् । भारतको सुरसंड बजारमा रहेका बिधालयमा यिनको अध्यन प्रारम्भ भयो। उनी पढ्नमा मेघाबी थिए। मेट्रीकको परिक्षा दिनु भन्दा पुर्व नै उनी गम्भीर रुपमा बिरामी हुन पुगे। फोक्सोको समस्या थियो। बिरामी बाट मुक्त हुन लामै समय लाग्न गयो।उनको बिधालयको शिक्षा अधुरै रहन पुग्यो। तर उनले निजि अध्यन जारी नै राखे । बिभिन्न पुस्तक ,पत्र पत्रीका अध्यन गर्न थाले ।

उपचारको क्रममा केहि दिन मसूरी रहनु परेको थियो। उक्त बसाइको बेला स्वास्थ लाभको लागि मसूरी पुगेका बिहारका प्रख्यात नेता डा. कृष्ण सिंह, अनुग्रह नारायण सिंह तथा महामाया बाबुवबआदी संग सम्पर्क हुन गयो। उनिहरुको सम्पर्कबाट राजनीतिक चेतना र आकांक्षा को संचार हुन पुग्यो।

यश समयमा भारतमा महात्मा गान्धीको नेतृत्वमा स्वतन्त्रता आन्दोलन ठूलै रुपमा जोरतोडले चलिरहेको थियो। त्यसको प्रभाव पनि उनी जस्ता युवाहरुमा पर्नु स्वाभाविकै थियो। सो प्रभाव उनिमा पनि पर्न गयो। उक्त समयमा नेपालका नेताहरु पनि भारतलाई अँग्रेजको गुलामीको चंगुलबाट निकाल्न आन्दोलनमा सहभागी भएका थिए। बी.पी. कोइराला , मातृकाप्रसाद कोइराला , दिल्ली रमन रेग्मी ,सूर्य प्रसाद उपाध्याय , भद्रकाली मिश्र तथा मनमोहन अधिकारी जस्ता महान नेपाली नेताहरू पनि उक्त आन्दोलनमा लाठी खाए, यातना भेले, कारावास समेत बसेका थिए।

रामनारायण बाबू केही समय हरिद्वार, ऋषिकेश, बद्रीधाम आदि घुम्दै हिमालयवर्ती तीर्थहरुमा साधु सन्यासिहरुको सम्पर्कमा रहे। हिमालयुवर्ती तिर्थहरुको भ्रमणबाट आफ्नै गाउँ फर्केर आए र समाज सेवाको कार्यमा लागे।

शिक्षाको प्रचार गर्न लागे। ठाउँ ठाउँमा बिधालय , कल्ब, पुस्तकालय , संगितालयहरुको स्थापना गरे। शास्त्रीय संगित, गजल गायन ,शेर-शायरिमा उनको गहिरो दिलचस्पी थियो।



उनी स्वयं पनि राम्रो गाउने गर्थे । राणाकालीन जहाँनिया शासनको कालो कालमा यी संस्थाहरुको स्थापनामा धेरै कठिनाईको सामना यिनले भेल्नुपरेको थियो।

१५ अगस्त १९४७ का दिन भारत स्वतन्त्र भयो । र नेपालमा पनि राणाशाही शासनबाट मुक्तिका लागि आन्दोलन तीव्र हुन थाल्यो।

हुनत राणा शाहिको विरुद्ध १९९७ साल देखि नै प्रजापरिषदले कार्यरंभ गरिसकेको थियो। जसमा शुक्रराज शास्त्री,धर्मभक्त माथेमा , गंगालाल ,दशरथ चन्द ले बलिदान दिनुपरेको थियो भने बाहुन भएका कारण टंक प्रसाद आचार्य,रामहरि शर्माले सर्वस्व सहित मुडेर जात च्यूत गरि आजिवन कैदको सजाए पाएका थिए।

भारतमा राणाशाहिको बिरुद्ध अनेक संघ संगठनहरु खुले। २००३ सालमा बी.पी.कोइरालाको नेतृत्वमा नेपाली राष्ट्रिय काँग्रेसको स्थापना भयो। २००५ सालमा नेपाल प्रजातन्त्र काँग्रेस को गठन भयो। २००६ को चैतमा यी दुबै संगठनमा एकता भएर नेपाली काँग्रेसको स्थापना भयो।

रामनारायण मिश्रले नेपाली काँग्रेसका नेताहरूसंग सम्पर्क स्थापित गरेर गोप्य रुपमा सहयोग गर्न लागे। नेपालमा राजनीतिक गतिविधि प्रतिबन्धित थियो। नेपाली काँग्रेसका नेताहरू भूमिगत भएर या सिमा पारिबाट नै आफ्नो आन्दोलन संचालित गरिरहेका थिए।

यता रामनारायण मिश्र र भद्र्काली मिश्रले जब सम्म मूलुक कै धर्तीबाट राजनीतिक जागृति ल्याउन सकिदैन तब सम्म सफलता पाउन गाह्रो हुन्छ भन्ने ठानेसोही अनुरुप सन १९५० को ३० जनवरी कादिन महात्मा गान्धीको पूण्यतिथिमा "लोक सेवक संघ" नाउँबाट एउटा सामाजिक संस्थाको स्थापना गरे। जसको उद्देश्य महात्मा गान्धीको रचनात्मक कार्यहरूको आवरणमा जनतामा राजनीतिक चेतना प्रसार गर्नुर राणाशाही विरुद्ध संगठित गर्नु थियो। चर्खा प्रचार , सफाई अभियान , प्राथना सभा , अग्नि पिडितहरुलाई सहायता लगायतका अन्य कार्यहरू द्वारा जन-जागरण अभियान चलाए । केही दिनमै आदर्शवादी कार्यकर्ताहरुको ठूलै जमात संगठित हुदैगए। यी गतिविधि सञ्चालनकालागि जनकपुर धामलाई केन्द्र बिन्दु बनाएर एउटा आश्रम पनि प्रारम्भ गरे। यिनका कृयाकलापहरुलाई अधिक दिन सम्म राणाहरुले भेल्न सकेनन् । रामनारायण मिश्र ,भद्रकाली मिश्र लगायत लोक सेवक का ३०/३५ जना कार्यकर्ताहरुलाई गिरफ्तार गरि जलेश्वर जेलमा राखियो। लोक सेवक संघको सम्पूर्ण गतिविधिमा प्रतिबन्ध लगाइयो । जेलमा नेपाल राष्ट्रिय काँग्रेसका कार्यक्रममा गिरफ्तार भएर आएका पं.रमाकान्त झा, सरोज प्रसाद कोइराला आदि पहिले देखि नै थिए।

केहि महिना पश्चात् लोक सेवक संघका सबैलाई राणाहरुले मुक्त गरिदिए। जेलबाट निस्केपछि रामनारायण मिश्र र भद्रकाली मिश्र केही दिन सम्म गान्धिद्वारा स्थापित बर्धा सेवाग्राम रहे । लोक सेवक संघका अन्य कार्यकर्ताहरुलाई पनि विभिन्न आश्रम मा राखेर प्रशिक्षण दिलाए। यसैबीच नेपालमा तिब्र रुपमा राजनीति गतिविधि बढिरहेको थियो। नेपाली काँग्रेसको मुक्ति सेनाले ११नवम्भर मा बिरगंजमा आक्रमण गर्यो।बिराटनगर , जनकपुर , भैरहवा ,सिन्धुली , उदयपुर तथा अन्य स्थानहरुमा पनि लडाइ तिब्रताका साथ भैरहेथ्यो। ठाउँ ठाउँमा मुक्ति सेनाको सहयोगबाट जन सरकार गठन भइ रहेको थियो। श-शस्त्र आन्दोलन अन्तिममा चरणमा पुगिसकेको थियो। राणाहरु अताली सकेका थिए। ठिक त्यही समयमा भारत सरकारको मध्यस्थतामा सम्झौता को प्रयास भयो।

त्यस समयमा लोक सेवक संघ भद्रकाली मिश्र र रामनारायण बाबु पनी दिल्लीमा नै थिए। नेपाली काँग्रेसका नेता र भारतीय नेताहरूको कुराकानीको आधारमा लोक सेवक संघ नेपाली काँग्रेसमा बिलय भयो।

अन्ततः राजा त्रिभुवन सर्बोच्च शाशकका रुपमा २००७ फागुन ४ गते दिल्लीबाट काठमाडौ आए। फागुन ७ गते राजा त्रिभुवनले प्रजातन्त्रको घोषणा गर्दै सम्बोधनमा भने संबिधान सभाको चुनाव गराएर जनप्रतिनिधिहरुद्वारा निर्मित संविधानको अनुसार मुलुकको शासन चलाउने प्रतिबद्धता जाहेर गरेका थिए। प्रधानमन्त्री मा मोहन शमशेरको नेतृत्वमा राणाहरु र नेपाली कांग्रेसको संयुक्त सरकार बन्यो। भद्रकाली मिश्र संयुक्त सरकारमा यातायात मन्त्री बने। रामनारायण मिश्र नेपाली काँग्रेसको केन्द्रीय सदस्री बन्न पुगे। भद्रकाली मिश्र केहि समय पश्चात् नेपाली काँग्रेसका नेताहरू सँग मतभेद भएर निस्के ।तर रामनारायण बाबु जिवनका अन्तिम समय सम्म नेपाली काँग्रेसको भण्डालाई छाडेनन् ।

नेपाली काँग्रेसको संगठन बलियो बनाउने कार्यमा दिन रात यिनी लागी रहे। एक साल भित्रै राणा काँग्रेसको संयुक्त सरकार ढल्यो। नेपाली काँग्रेसको नेतृत्वमा मातृकाप्रसादको प्रधानमन्त्रीत्वमा नेपाली काँग्रेसको एकमना सरकार गठन भयो। बी.पी.कोइरालाले एक व्यक्ति एक पदको कुरा उठाए। र मातृकाप्रसाद लाई अध्यक्षको पद छोडन दबाब दिइयो । २००९ साल जेष्ठमा नेपाली काँग्रेसको महाधिवेशन जनकपुरमा सम्पन्न भयो। त्यतिबेला धनुषा ,महोत्तरी र सर्लाही का केही भुवाग महोत्तरी जिल्लामा नै थियो। नेपाली काँग्रेसको अजय गढ थियो।

राम नारायण मिश्र , महेन्द्र नारायण निधि, सरोज कोइराला , रमाकान्त झा , दिगम्बर झा, बोध प्रसाद उपाध्याय , रुद्र प्रसाद गिरि, भद्रकाली मिश्र , मथुरा प्रसाद , ठाकुर प्रसाद ढुगांना, भुबनेश्वर महासेठ, निर्गुन यादव, चिन्ताहरन सिंह लगायतका नेताहरु यै पुराना महोत्तरी कै थिए। यस जनकपुरमा भएको महाधिवेशनमा महोत्तरीका अधिकांश नेता कार्यकर्ताहरुको समर्थन बी.पी.कोइरालाको पक्षमा नै थिए। अन्ततः प्रधानमन्त्री मा रहेका मातृकाप्रसादले नेपाली काँग्रेसको अध्यक्ष पद छाडनै पर्यो। बी.पी. कोइराला पार्टी अध्यक्ष बन्नासाथ मातृकाप्रसाद प्रसादको नेतृत्वको सरकार ढल्यो। नेपालको राजनीतिमा चारपाँच साल विभिन्न राजनीतिक उतारचढाव हुदै विभिन्न घटनाक्रमहरु घट्दै गए। मातृकाप्रसादले नेपाली कांग्रेसबाट अलग हुँदै राष्ट्रिय प्रजा पार्टी खोले । भद्रकाली मिश्र नेपाली काँग्रेस का केहि साथीहरुलाई लिएर टंक प्रसाद आचर्यको नेतृत्वको पार्टी नेपाल प्रजापरिषदमा प्रवेश गरे। राजा त्रिभुवन रोगले ग्रसित हुँदै गए। शासनमा तत्कालीन युवराज महेन्द्रको दखल बढ्दै गयो।

विभिन्न राजनीतिक दलको नेतृत्वमा सरकार बनाउने विघटन हुने कार्य राजा महेन्द्रले गर्दै गए । राजा त्रिभुवनको बिदेशमा उपचार गराउदा गराउदै २०११ फागुन ३० गतेका दिन निधन भयो। युबराज महेन्द्र राजा भए। महेन्द्र संबिधान सभाको निर्वाचन गराएर जनप्रतिनिधिहरुको हातमा शासन दिने पक्षमा थिएनन् । नेताहरूलाई लडाएर आफ्नो प्रत्यक्ष शासन चलाउन चाहन्थे । नेपाली काँग्रेसलाई त शासनबाट यदमम‍ै टाढा राख्न चाहन्थे ।

यस समयमा सत्ताबाट अलग रहेर पनि विभिन्न स्थानीय तथा राष्ट्रिय मुद्दाहरुलाई लिएर नेपाली काँग्रेस बी.पी.कोइरालाको नेतृत्वमा संघर्ष गर्दै रह्यो। रामनारायण बाबु पनि सबै कार्यक्रममा लागिरहे। चाहे नेपाली काँग्रेसले गरेको" खडे बटैया" र मोहियानीको आन्दोलन होस या मजदुरी वृद्धिको आन्दोलन होस सबै आन्दोलनमा नेतृत्वदायी भूमिका निर्बाह गरेका थिए।

संबिधान सभाको निर्वाचन गराउने राजा महेन्द्रको आलटाल नितिका विरुद्ध नेपाली काँग्रेसले २०१४ साल मार्ग २२ गते देश भरि नै "अवज्ञा आन्दोलन " (सत्याग्रह) प्रारम्भ गर्यो। अन्ततः राजा महेन्द्रले झूक्न बाध्य भए। २०१४ माघ १९ गते दिन राजा महेन्द्रले संबिधान सभाको निर्वाचन नगराएर २०१५ फागुन ७ गतेका दिन आम चुनाव गराउने घोषणा गरे।

२०१५ साल जेष्ठ २ गते सुवर्ण शमशेरको नेतृत्वमा अन्तरिम सरकार बन्यो र सफलता पुर्वक आम चुनाव गरायो। १०९ सिटको लागि भएको आम चुनावमा ७४ सिट ल्याएर नेपाली काँग्रेसले ठूलै सफलता हासिल गर्यो। यश चुनावमा महोत्तरीका सबै सिटहरु नेपाली काँग्रेसले हासिल गरेको थियो। ४१ क्षेत्र न.बाट सरोजप्रसाद कोइराला , ४२ बाट रुद्रप्रसाद गिरि, ४३ बाट महेन्द्र नारायण निधि, ४४ बाट रामनारायण मिश्र ,४५ बाट बेणिमाधब सिंह ले बिजय हासिल गरेका थिए।

२०१६ जेष्ठ १३ गते बि.पी.कोइरालाको प्रधानमन्त्रीत्वमा गठन भएको मन्त्री मण्डलमा ने.कां.का सहायक महामन्त्री रहेका रामनारायण मिश्रलाई उधोग वाणिज्य मन्त्रीको जिम्मेवारी दिइएको थियो भने महेन्द्र नारायण निधिलाई उप सभामुखको । सरोज कोइराला त संसदका प्रखर वक्ता नै थिए।

उद्योग वाणिज्य मन्त्री बनेका रामनारायण मिश्र उधोगहरु बिस्तार गर्न कडा परिश्रमका साथ लागिरहे। उनको मन्त्रीतब कालमा नेपाल र भारतको बिच जुन वाणिज्य सन्धी भयो त्यो नेपाल र भारतको सम्बन्धमा मीलको पत्थर साबित भयो। उनको भारतीय नेताहरूसंग खास गरेर जबाहरलाल नेहरुका साथ रहेको व्यक्तिगत सम्बन्धको उपयोग गरेर नेपाल को लागि धेरै सुबिधाहरु हासिल गर्नमा सफल रहे। रुसको सहयोगमा जनकपुर चुरोट कारखाना , बिरगंज र भैरहवामा चिनी मिल स्थापित गर्ने निर्णय लिए। यसकोलागी पार्टी भित्र धेरै संघर्ष गर्नु पर्यो। काठमाडौमा भएको महाधिवेशनमा पहाडको उपेक्षा गरेर तराईको पक्षमा मात्र काम गरेको आरोप समेत लाग्न पुग्यो। यो कुराले दुःखि भएर उनले मन्त्री मण्डलबाट त्याग पत्र समेत दिए। मतभिन्नताको स्थिति आएको देखेर बी.पी.कोइरालाले सम्झाइ बुझाई त्याग पत्र फिर्ता लिन लगाएका थिए। मन्त्री बनिसकेता पनि उनी संसदमा सधैं धोती कुर्ता वा शेरवानी पायजामा लगाएर नै जाने गर्थे । संसदहरुको जबाफ हिन्दी मै दिने गर्थे । हिन्दी र मधेसीको नारा कहिल्यै लगाएनन । तर तराईवासीको आर्थिक स्थिति र आत्मसम्मान बढाउनको लागि उनले गहिरो प्रयत्न गरे।

नेपाली काँग्रेसको सरकारले जनता को जीवन स्तर उकास्ने र शोषण समाप्त गर्ने दिशामा गरेका कार्यहरूले जनतामा अत्यधिक लोकप्रिय हुँदै गइरहेको थियो। बिर्ता उन्मुलन ,राजारजौटा प्रथाको अन्त गर्ने निर्णय लियो। शोषक सामन्त बर्गहरु तर्से। राजा महेन्द्र पनि नेपाली काँग्रेसको लोकप्रियता र शक्ति देखेर चिन्तित हुन पुगे । प्रजातन्त्र हत्याको तानाबाना बुनिन थाल्यो। विभिन्न घटनाहरु घटाइए । देशमा अराजकता फैलाउन विभिन्न सुनियोजित रुपमा उपर्द्रहरु गराइए। अन्ततः यी सबै घटनाहरुलाई लिएर राजा महेन्द्रले २०१७ साल पुस १ गतेका दिन नेपाल तरुण दलको थापाथलीमा चलिरहेको पहिलो अधिवेशनको उदघाटनमा नेपाली काँग्रेसका महामन्त्री श्रीभद्र शर्माले बोलिरहेकै बेला प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला , निर्माण ,सञ्चार तथा नहर मन्त्री गणेशमान सिंह, गृह तथा कानुन मन्त्री सूर्यप्रसाद उपाध्याय , उधोग वाणिज्य मन्त्री रामनारायण मिश्र तथा सभामुख कृष्णप्रसाद भट्टराई लाई केही महिना सिहदरबारमा कडा नियन्त्रणमा राखेर २०१७ फागुन २६ गते बी.पी. र त्यहाँ रहेका सबैलाई सुन्दरी जलको बन्दीगृहमा राखियो ।

# जुड-शीतल, मिथिलाको संस्कृति, प्रकृति र परम्पराको पर्व



डा.केदार कार्की

शीतलताको लोक पर्व, जुड-शीतल, १४ अप्रिलदेखि सुरु हुँदैछ। मिथिलामा यसलाई नयाँ वर्षको रूपमा मनाइन्छ। जुधा शीतलमा, सम्पूर्ण समाजले पानीको पूजा गर्छ र शीतल देवीबाट शीतलताको लागि प्रार्थना गर्छ। यस दुई दिने पर्वमा, पहिलो दिन, अर्थात् १४ अप्रिलमा सतुवान र दोस्रो दिन, अर्थात् १५ अप्रिलमा धुर्खेल आयोजना गरिन्छ। जुड शीतलको अर्थ शीतलताले भरिएको हुन्छ। जसरी बिहारका मानिसहरू छठमा सूर्य र चौरचनमा चन्द्रमाको पूजा गर्छन्, त्यसरी नै सम्पूर्ण समाजले जुड शीतलमा पानीको पूजा गर्छन्। यो दुई दिने पर्वमा मानिसहरूले एकअर्काप्रति पवित्रताको लागि प्रार्थना गर्छन्।

जुडाशीतलको अवसरमा घर र आँगनको सरसफाइमा विशेष ध्यान दिइन्छ। मिथिला समाजका मानिसहरूले एकअर्कालाई भिजेको हिलो लगाएर नयाँ वर्षको शुभकामना दिन्छन्, किनकि यो पर्व किसानहरूसँग सम्बन्धित छ, त्यसैले यस दिन भिजेको हिलोसँग खेल्ने चलन छ। मिथिलामा, नयाँ वर्षको यो सामाजिक पर्व वातावरण संरक्षणको दृष्टिकोणबाट विशेष महत्त्व राख्छ। यस दिन, पुराना रूखहरूको जरामा पानी हालिन्छ, जबकि मानिसहरूले नयाँ बिरुवा रोपेर वातावरण बचाउने प्रतिज्ञा गर्छन्।

जुडशीतलको अवसरमा, सतुवनको भोलिपल्ट भात र बासी 'बादी' खाने नियम छ। यो पोखरीमा पाइने सेमरसँगै कुलदेवताहरूलाई चढाइन्छ।

यस अवसरमा विभिन्न प्रकारका परिकारहरू तयार पारिन्छन्। यस दिन नुनिलो परिकारको विशेष महत्व छ। यस अवसरमा 'बडी', 'दालपुरी', 'खिचडी' आदि बनाइन्छ।

ओडिशाका बासिन्दाहरूले मंगलबार पानसंक्रान्ति (मेष संक्रान्ति) को शुभ अवसरमा नयाँ वर्ष मनाउनेछन्। यस समयमा समुदायका मानिसहरू विभिन्न मन्दिरहरूमा गएर प्रार्थना गर्नेछन्। पाना संक्रान्तिको दिनलाई उडिया नयाँ वर्षको सुरुवात मानिन्छ। यस दिनदेखि विभिन्न प्रतिष्ठानहरूमा नयाँ लेखा पुस्तकहरू सुरु गरिन्छ। यस दिन मन्दिरहरूमा काठको स्याउ र दहीको सरबतको प्रसाद चढाइन्छ, जुन मानिसहरूमाझ बाँडिन्छ। यस अवसरमा शहरभरि धेरै कार्यक्रमहरू आयोजना गरिनेछ। पाना संक्रान्तिको अवसरमा, साक्ची उत्कल संघमा कविता वाचनको आयोजना गरिनेछ।

मंगलबार सतुन्पर्व ठूलो धुमधामका साथ मनाइनेछ। सनातन धर्ममा यस दिन स्नान गरी दान गरेपछि सत्तु आँप-पुदिनाको चटनी खाने चलन छ। ज्योतिषी पण्डित रामशंकर तिवारीले मंगलबार बिहान ९:१० बजे सूर्य मीन राशिबाट निस्केर मेष राशिमा प्रवेश गर्ने बताए। यसपछि स्नान गर्नु र भगवान विष्णुको पूजा गर्नु विशेष फलदायी हुनेछ। सत्तु आँप-पुदिनाको चटनी खाने नियम छ। यस दिन ब्राह्मणलाई भाँडो, गाग्रो, मिठाई, अन्न र पैसा दान गर्नु उत्तम हुन्छ। संगम, काशी र हरिद्वारमा स्नान गर्नुको पनि विशेष महत्त्व छ। सूर्य मेष राशिमा प्रवेश गरेपछि खरमास समाप्त हुनेछ र सबै प्रकारका शुभ कार्यहरू सुरु हुनेछन्।

६सूर्य मेष राशिमा प्रवेश गर्दा सत्तुआन मनाउनुको महत्त्व छ। वैज्ञानिक कारण के हो भने गर्मीमा घामको तापले शरीरमा रहेको पित्तमा जलन हुन्छ। यसबाट राहत पाउन सत्तु शरबत सेवन गरिन्छ। ६ पण्डित रामशंकर तिवारी


मिथिला क्षेत्रमा नयाँ वर्षको यो सामाजिक पर्व वातावरण संरक्षणको दृष्टिकोणबाट विशेष महत्व राख्छ। यस दिन, पुराना रूखहरूको जरामा पानी हालिन्छ, जबकि मानिसहरूले नयाँ बिरुवा रोपेर वातावरण बचाउने प्रतिज्ञा गर्छन्।

अन्तर्राष्ट्रिय मैथिली परिषद्का महासचिव प्रदीपकुमार झाले भने कि तुलसी चौडा भनेको पुर्खाहरूको वेदीमा झुण्ड्याइएको पानीले भरिएको भाँडो हो। त्यसमा प्वाल पारिन्छ र कुश हालिन्छ। त्यो पानी एक महिनासम्म नुहाउन प्रयोग गरिन्छ, र त्यसपछि त्यसमा पानी भरिन्छ। यसले रूखहरूलाई पनि पानी प्रदान गर्छ भनिन्छ।

जुडशीतलको अवसरमा, सतुवनको भोलिपल्ट भात र बासी 'बादी' खाने नियम छ। यो पोखरीमा पाइने सेमरसँगै कुलदेवताहरूलाई चढाइन्छ।

यस अवसरमा विभिन्न प्रकारका परिकारहरूतयार पारिन्छन्। यस दिन नुनिलो परिकारको विशेष महत्व छ। यस अवसरमा 'बडी','दालपुरी', 'खिचडी'आदि बनाइन्छ।

जुड शीतल केवल एउटा चाड मात्र होइन, वातावरणसँग जोडिने र जीवनमा सन्तुलन कायम राख्ने सांस्कृतिक परम्परा हो, सुपौल। मिथिलाको भूमिमा प्रकृति र सांस्कृतिक सम्पदाको प्रेमको एक अनौठो उत्सव जुधा शीतल पर्व मिथिलाको संस्कृतिको प्रतीक हो। यो पर्वले मानव जीवनमा शीतलता र स्नेह फैलाउने मात्र होइन, पशु, चराचुरुङ्गी र वनस्पतिको सेवाको सन्देश पनि दिन्छ। मिथिलाको लोक संस्कृतिमा, यो पर्वले वातावरण संरक्षणको अनौठो परम्परालाई प्रतिबिम्बित गर्दछ। जुड शीतलको एक दिन अघि सतुआनी पर्व मनाइन्छ। जुन सोमबार मनाइनेछ। जबकि जुड शीतल पर्व मंगलबार मनाइनेछ।



सत्तुआनी पर्वमा मानिसहरूले चनाको पीठो र सत्तुबाट बनेका परिकारहरू खान्छन्। परम्परा अनुसार, जुद शीतलको दिन चुलो बालिँदैन, ताकि वायुमण्डलको तापक्रम नियन्त्रणमा राख्न सकियोस्। सतुवानीको दिन तयार पारिएको शुद्ध र चिसो खाना मात्र भोलिपल्ट प्रयोग गरिन्छ, जसले गर्दा ऊर्जा पनि बचत हुन्छ। पर्वको दिन, घरका ठूलाबडाहरूले साना सदस्यहरूको टाउकोमा मुठ्ठी पानी खन्याएर 'जुदयाल राहु' को आशीर्वाद दिन्छन्। टाउकोमा पानी खन्याउने यो परम्परा केवल धार्मिक कार्य मात्र होइन, प्रचण्ड गर्मीमा शारीरिक शीतलता प्रदान गर्ने प्रतीक पनि हो। बिहान हुने बित्तिकै मानिसहरू रूख र बोटबिरुवाको जरामा पानी हालेर वरपर सफा गर्छन्।

जुधा शीतलको प्रकृतिसँग प्रत्यक्ष सम्बन्ध छ। यो पर्वको पछाडि बाली प्रणाली र मौसम पनि कारक हुन्। मिथिलामा यस समयमा सत्तु र चनाको नयाँ फसल लाग्छ। यस पर्वमा यसको ठूलो महत्व छ। वैज्ञानिक दृष्टिकोणबाट पनि, यसको प्रयोग गरेर बनाइएका परिकारहरू बिग्रन नदिई लामो समयसम्म राख्न सकिन्छ, जसले गर्दा खाना खेर जाँदैन। सामान्यतया, गर्मीका कारण खाद्य पदार्थहरू चाँडै बिग्रन्छन्। यसबाट बच्नको लागि, मानिसहरू गर्मी मौसममा सत्तु र चनाको पीठो बढी प्रयोग गर्छन्। यस्तो अवस्थामा, यस पर्वको पहिलो दिन सत्तुआन हुन्छ। सत्तुआनको दिन सत्तुका विभिन्न प्रकारका सामग्रीहरू बनाइन्छ।

यस पर्वको अवसरमा, सबैभन्दा पहिले तुलसीको रूखमा नियमित पानी दिनको लागि एउटा गमला बाँधिन्छ। यसको पछाडिको विश्वास यो छ कि यसो गर्नाले पितृहरूको तिर्खा मेटिन्छ। बिहान, आमाहरूले आफ्ना बच्चाहरूको टाउकोमा पानी छर्कन्छन्, यो विश्वास गरिन्छ कि यसले वर्षभरि उनीहरूलाई शीतल राख्छ। यस दिन, साँझमा, घरका सबै मानिसहरूले बोटबिरुवा र रूखहरूमा पानी हाल्छन्, ताकि गर्मी मौसममा पनि बोटबिरुवा र रूखहरू हरियो रहोस् र सुक्न नपरोस्। मानिसहरू विश्वास गर्छन् कि रूख र बोटबिरुवाहरू पनि उनीहरूको परिवारको एक हिस्सा हुन् र तिनीहरूले हाम्रो रक्षा पनि गर्छन्। अर्थात्, यस पर्वमा छोरादेखि पितासम्म शीतलता रहोस् भन्ने कामना गरिन्छ।

यस पर्वको दोस्रो दिन धुर्खेल पर्व मनाइन्छ। यस दिन सम्पूर्ण समाजले इनार र पोखरी जस्ता पानी भण्डारण गर्ने ठाउँहरू सफा गर्छ। चुल्होलाई आराम दिन्छ। मगधमा यस दिनलाई बसियोरा भनिन्छ। यस दिन अघिल्लो दिन तयार पारिएको बासी खाना खाइन्छ। दिउँसो शिकार गर्ने परम्परा थियो, जुन अहिले समाप्त भएको छ, तर रातमा मांसाहारी खाना खाने परम्परा अझै पनि कायम छ।

पछिल्ला केही दशकहरूमा आधुनिकीकरणका कारण विश्वव्यापी तापक्रम वृद्धि जस्ता कुराहरू बढ्दै गएका छन्। यस्तो अवस्थामा वातावरण संरक्षण गर्नु अत्यन्तै महत्त्वपूर्ण भएको छ। जुड शीतल पर्व मुख्यतया प्रकृतिसँग सम्बन्धित छ। आज प्रकृति पूजाको यो विधिको प्रचार र प्रवर्द्धन गर्नु महत्त्वपूर्ण छ। विश्वव्यापी तापक्रम वृद्धिको यो बढ्दो खतराको बीचमा, जुड शीतल जस्ता चाडपर्वहरूले हामीलाई प्रकृतिलाई प्रेम गर्न, मेलमिलाप गर्न र संरक्षण गर्न प्रेरित गर्छन्। मानिसहरूलाई सचेत गराएर, आजको लागि मात्र नभई भावी पुस्ताको लागि पनि वातावरण संरक्षणको लागि राम्रो विकल्प दिन सकिन्छ।

यसले वातावरणको संरक्षण मात्र गर्दैन, भावी पुस्तालाई प्रकृतिसँग जोडिन प्रेरित पनि गर्छ। पण्डित सन्नी झा भन्छन्, यस दिन पुर्खाहरूको सम्झनामा चिहानमा प्वाल भएको माटोको भाँडोबाट पानी चढाउने परम्परा छ, जसले गर्दा पानीको निरन्तर प्रवाह भइरहोस्। बदलिँदो मौसममा बाँच्न सिक्दै, गर्मीको सुरुवातमा मनाइने शीतल पर्वले हाम्रा परम्पराहरूलाई पुनर्जीवित मात्र गर्दैन, पानीको संरक्षण गर्न र प्राकृतिक स्रोतसाधनमा सन्तुलन कायम राख्न पनि सिकाउँछ।

# जनताका समस्या समाधानतर्फ लाग्नुपर्नेमा महामन्त्री थापाको जोड



काठमाण्डु । नेपाली काांग्रेसका महामन्त्री गगनकुमार थापाले नेताको नेतृत्वशैलीले व्यवस्था बदलिए पनि अवस्था बदलिन नसकेको बताउनुभएको छ ।

बौद्धिक पेशाकर्मी परिषद्ले मंगलबार आयोजना गरेको नयाँ वर्ष २०८२ को अवसरमा शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले नेतृत्वशैली बदल्नुपर्ने बताउनुभएको हो । “अहिले नागरिकले नेतृत्वसँग शुद्धता र योग्यता दुवै खोजेका छन्, योग्यता र शुद्धता भएको नेतृत्वले अहिलेको समस्या समाधान गर्न सक्छ,” महामन्त्री थापाले भन्नुभयो । सरकारले सेवा प्रवाह गर्न सक्नुपर्ने उल्लेख गर्दै उहाँले शिक्षक र सहकारी पीडितका समस्या समाधानमा जोड दिनुभयो ।

सांसद सूर्य थापाको नेतृत्वमा गठित संसदीय समितिले सहकारी छानबिनसम्बन्धी प्रतिवेदन दिएको लामो समयसम्म पनि रु पाँच लाखभन्दा कम बचत गरेका सहकारी पीडितले बचत फिर्ता पाउन नसकेको बताउँदै उहाँले सेवाप्रवाह छिटो र चुस्त बनाउन पार्टीले सरकार एवं मन्त्रीहरुलाई अनुरोध गरिरहेको जानकारी दिनुभयो ।

“सरकारलाई सही निर्णय गर्नुस्, रक्षा गर्छौं, गलत निर्णय गरे प्रतिरक्षा गर्न सक्दैनौं भनेका छौं, गभर्नर बिचौलियाले बनाउने होइन, प्रक्रियाबाटै बन्नुपर्छ, भन्ने धारणा राखेका छौं,” उहाँले भन्नुभयो ।

परिषद्का अध्यक्ष ध्रुवराज थापाले आर्थिक, सामाजिक र राजनीतिक हिसाबले देश अप्ठ्यारो अवस्थामा रहेको उल्लेख गर्दै यस्तो अवस्थाको सुदृढीकरणमा नेतृत्वको ध्यान जानुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा कोशी प्रदेश, अर्थ समितिका विज्ञ ध्रुव घिमिरे, गैर आवासीय नेपाली सङ्घका राजेन्द्रकुमार राउत, खुला विश्वविद्यालयका डा चिरञ्जीवी भट्टराईलगायतले सरकारले सेवाप्रवाह समयमा गर्न नसक्दा सेवाग्राही प्रभावित भएर असन्तुष्टि बढेकामा सत्तारुढ दलका नेताको ध्यान जानुपर्ने बताएका थिए ।रासस

# महिलाको आर्थिक पहुँचमा वृद्धि गर्नुपर्छ : हसिना खान

काठमाण्डु । बाँके जिल्लाको सदरमुकाम नेपालगन्जबाट करिब छ किलोमिटरपूर्व यात्रा गरेपछि डुडुवा गाउँपलिका-३, हलबल डोली गाउँ आउँछ । सोही गाउँमा जन्मिनुभएकी हसिना खान एक वर्षदेखि प्रतिनिधिसभाको सांसद हुनुहुन्छ । सानै उमेरदेखि महिला अधिकारका निम्ति सक्रिय खानलाई २०७९ सालको निर्वाचनमा जनता समाजवादी पार्टीले समानुपातिकतर्फ मुस्लिम महिलाको कोटाबाट प्रतिनिधिसभाको सांसद बनाएको छ । सो पार्टीबाट मुस्लिम महिलातर्फ निर्वाचित मञ्जु अन्सारीको गत चैतमा निधन भएपछि बन्द सूचीको क्रमानुसार खानलाई पार्टीले सांसद बनाएको थियो । पूर्वस्वास्थ्य तथा जनसंख्या राज्यमन्त्रीसमेत बनिसक्नुभएकी सांसद खानसँग राससका समाचारदाता सुशील दर्नालले गर्नुभएको अन्तर्वार्ताको सम्पादित अंशः

महिलाका विषयमा संविधानमा केही अधिकार सुनिश्चित गरिएको छ । तर धेरै अधिकार सुनिश्चित गर्नुपर्ने छ । संसद्मा महिलाको ३३ प्रतिशत सुनिश्चित गरिएको छ । तर त्यही कुरा सरकार बनाउने सवालमा लागू भएको छैन । अब सरकारमा महिलाको जनसङ्ख्याका आधारमा ५० प्रतिशत सहभागिता हुने सवाल संविधानमै व्यवस्था गर्नुपर्ने छ । त्यसका लागि राजनीतिक पार्टीको पनि भूमिका हुन्छ । महिला अब आफ्नो अधिकारका निम्ति आफैँ लड्नुपर्छ । तर पहिलेको तुलनामा महिलाका विषयमा सुधार हुँदै गएको छ ।

मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र आएपछि पहिलोपटक महिला देशको राष्ट्रपति पनि बन्नुभएको छ । सभामुख पनि बन्नुभएको छ । प्रधानन्यायाधीश पनि बन्नुभएको छ । सरकारको मुख्यसचिव पनि बन्नुभएको छ । तर मन्त्रिपरिषद्मा महिलाको सङ्ख्या जहिल्यै न्यून हुन्छ । २५ सदस्यीय सङ्घीय सरकार गठन हुँदा एक-दुई जनामात्र मन्त्री बन्ने कुरा न्यायोचित छैन । देशमा अहिले पनि पुरुषभन्दा महिलाको संख्या धेरै छ । तर सहभागिता न्यून छ । चुनावमा पनि राजनीतिक पार्टीले सक्षम महिलाका लागि टिकटको व्यवस्था गर्नुपर्छ । महिलाले चुनाव जित्न सक्दैनन् भनेर पार्टीले रोक्नु हुँदैन । पार्टीले टिकट दिएपछि महिलाले चुनाव जितेका धेरै उदाहरण छन् ।

> यो देशमा सबैभन्दा पहिला महिलालाई आर्थिक रुपमा बलियो बनाउनुपर्छ । जबसम्म महिलाहरुको आर्थिक रुपमा पहुँच हुँदैन, तबसम्म देश समृद्ध बन्छ जस्तो मलाई लाग्दैन ।



यो देशमा सबैभन्दा पहिला महिलालाई आर्थिक रूपमा बलियो बनाउनुपर्छ । जबसम्म महिलाहरूको आर्थिक रूपमा पहुँच हुँदैन, तबसम्म देश समृद्ध बन्छ जस्तो मलाई लाग्दैन । रोजगारीका सवालमा राज्यले पनि महिलालाई पहिलो प्राथमिकता दिनुपर्छ । उद्यमशील बन्न चाहने महिलाका लागि सरकारले लगानी गर्नुपर्छ । सरकारले महिलाका लागि सानो वा ठूलो जस्तोसुकै काम भए पनि दिनुपर्छ । सम्पत्तिमा पूर्ण हक हुनुपर्छ । अनि मात्र महिला-पुरुष बराबरीको बाटोमा अगाडि बढ्न सक्छन् । अधिकारका निम्ति महिला आफैँ सक्रिय बन्नुपर्छ । अर्को कुरा यदि कुनै पनि बच्चाको बाबु छैन भने उसले आमाको नामबाट नागरिकता बनाउन पाउनुपर्छ ।

नागरिकता नभएपछि ऊ देशको नागरिक बन्न पाउँदैन । त्यसैले आमाको नामबाट नागरिकता दिने सवालमा सबै गम्भीर भएर लाग्नुपर्छ । यदि आमाको नागरिकता छभने बच्चाको नागरिकता सहज रूपमा बन्नुपर्छ । बाँके जिल्लाका महिलाको यो समस्या धेरै नै छ । महिलामाथि हुने हिंसा रोक्न सरकारले कडाभन्दा कडा कानुन बनाएर व्यावहारिक रूपमै कार्यान्वयन गर्नुपर्छ । अहिले पनि नेपाली छोरीहरू असुरक्षित छन् । किशोरीमाथि बलात्कारका घटना भइरहेको छ । बलात्कारपछि हत्या गरेर मारिएको छ । मुख्य कुरा किशोरीहरू जहाँ, जतिबेला पनि सुरक्षित हुनुपर्छ । महिलामाथि हुने घरेलु हिंसाका घटना पनि छन् । घरेलु हिंसा गर्ने जोकोहीलाई कानुनबमोजिम कडा कारबाही हुनुपर्छ । महिलामाथि हुने सबै प्रकारका हिंसा अन्त्य गर्न सबैभन्दा पहिला महिला मार्फँ सक्रिय हुनुपर्छ । कुनै पनि किशोरी वा महिलाले आफ्नो सुरक्षा आफैँ गर्न सक्ने बन्नुपर्छ । महिलाले कुनै पनि हिंसा खपेर बस्नु हुँदैन । यदि हिंसा भएको छभने प्रहरीमा उजुरी गर्न सक्नुपर्छ । तर बाँकेका महिलामा घरेलु वा अन्य प्रकारका हिंसा भइरहेको छ । तर उनीहरु त्यो हिंसालाई लिएर बाहिर आउन चाहँदैनन् । आफूमाथि भएको विभेद वा हिंसाका बारेमा खुलेर कुरा गर्न सक्नुपर्छ महिलाहरूले । आफूमाथि हिंसा भएको छभने लाज वा डर मानेर बस्नु हुँदैन ।

म प्रतिनिधिसभाको सांसद भएको एक वर्ष भयो । सांसद भएलगत्तै म स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री हुँदै गर्दा स्वास्थ्यको क्षेत्रमा आफूले सकेको काम गरेको थिएँ । पैतालीस दिनमात्र राज्यमन्त्री भएको समयमा पनि जनतासँग जोडिएका स्वास्थ्यका समस्यालाई सकेसम्म सम्बोधन गर्ने कोसिस गरेकी थिएँ । बाँकेका मुख्य समस्या भनेको बाटोघाटोको हो । खानेपानी, शिक्षा, स्वास्थ्य र रोजगारीको पनि उत्तिकै समस्या छ । यहाँ अधिकांश युवा बेरोजगार हुनुपरेको छ । युवाहरूको काम छैन, चोकचोकमा गफ गरेर समय बिताइरहेका छन् । युवालाई रोजगारी दिनेगरी कुनै सरकारले ठोस योजना बनाउनसकेका छैनन् । रोजगारनभएपछि युवा कुलतमा लागेका छन् । धेरै पढेलेखेका मानिस बेरोजगार बस्नुपरेको छ । बाँके पर्यटकका लागि पनि सम्भावना भएको जिल्ला हो । तर त्यसको राम्रो व्यवस्थापन हुनसकेको छैन ।

‘बाँके राष्ट्रिय निकुञ्ज’मा घुम्नका लागि देश-विदेशबाट पर्यटक आउँछन् । एक आर्थिक वर्षमा आन्तरिक र बाह्य पर्यटक गरी कम्तीमा हजारभन्दा बढी पर्यटक आउने गर्छन् । निकुञ्जमा आउने पर्यटकको सङ्ख्या पनि बर्सेनि बढ्दै गएको छ । तर सम्बन्धित निकायले त्यसलाई अझै व्यवस्थित गर्न सकेको छैन । त्यसको व्यवस्थापन र संरक्षणमा अझै बढी ध्यान दिने होभने पर्यटकको सङ्ख्या अझै बढेर जाने देखिन्छ । निकुञ्जभित्रका प्राकृतिक सम्पदा र वन्यजन्तुको संरक्षणमा सरकारको ध्यान जानसकेको छैन । संविधान केही हदसम्म कार्यान्वयन भएको छ । तर धेरै कुरा कार्यान्वयन हुनसकेको छैन । तर अब सबै मिलेर कार्यान्वयन गर्नुपर्छ । अहिलेको सङ्घीयतालाई सुधार गर्नुपर्ने छ । यो सङ्घीयता अलि बढी खर्चिलो भयो कि भन्ने कुरा पनि आइरहेको छ ।रासस

# ‘शिक्षकका मागप्रति सरकार गम्भीर छ’

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले शिक्षकका मागप्रति सरकार गम्भीर रहेको बताउनुभएको छ । नेपाल शिक्षक महासङ्घ संखुवासभाको टोलीसँग मंगलबार मन्त्रालयमा भएको भेटमा उहाँले शिक्षकका मागका सम्बन्धमा सरकारले सरोकारवालासँग छलफल गरी सम्बोधन गर्ने बताउनुभएको हो ।

“शिक्षा क्षेत्रको सुधारका लागि शिक्षकहरुको पनि सुझाव र सल्लाह आवश्यक छ, शिक्षामन्त्री तथा मन्त्रिपरिषद्समक्ष यो विषयमा छलफल गर्नेछु”, उहाँले भन्नुभयो ।उहाँले अहिले विभिन्न ऐन निर्माणका लागि छलफलकै क्रममा रहेको उल्लेख गर्दै सरकार समयसापेक्ष ऐन निर्माणमा लागेको बताउनुभया ।

नेपाल शिक्षक महासङ्घ संखुवासभाका अध्यक्ष शेरबहादुर पुरीले शिक्षकका २४बुँदे मागका सम्बन्धमा पहलका लागि आग्रह गर्नुभयो । नेपाल शिक्षक सङ्घ सङ्खुवासभाका सङ्घीय प्रतिनिधि दिव्यराज अधिकारीले यो शिक्षकको मात्रै आन्दोलनमात्र नभई शैक्षिक आन्दोलन भएको बताउनुभयो ।

शिक्षकहरुले विद्यालयमा कर्मचारी दरबन्दी कायम गर्नुपर्ने, बालविकास कक्षा विद्यालय शिक्षाअन्तर्गत ल्याउनुपर्ने, शिक्षक बढुवा नियमित हुनुपर्ने, आन्तरिक प्रतिस्पर्धा गर्न पाउनुपर्ने, शिक्षक ग्रेड बढाउनुपर्ने, सेवा प्रवेशको समय ४० वर्ष कायम हुनुपर्नेलगायतका माग राखेका छन् ।रासस

# जागरण अभियान सफल भइरहेको छः अध्यक्ष दाहाल

नवलपरासी । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले तराई-मधेस जागरण अभियान जनताको बीचमा आत्मसमीक्षासहित देशको स्थिति बुझाउन सफल भइरहेको बताउनुभएको छ । नवलपरासी (बर्दघाट सुस्तापूर्व) बाट पुनः सुरू गरेको अभियानका क्रममा मंगलबार कावासोती पुगेपछि उहाँले जनतामा रहेको भ्रम र असन्तुष्टि चिर्न अभियान सफल बन्दै गएको बताउनुभएको हो ।

“विगतमा हामीले सरकार र काठमाडौं केन्द्रित कुरामा अलि बढी ध्यान दियौं भन्ने कमजोरी स्वीकारेपछि देशव्यापी अभियान सुरु भएको छ ।

यसक्रममा आफ्नो विचार, मुद्दा, आफ्नो वर्ग समुदाय र जनतासँगको सम्बन्धलाई जोड्नुपर्छ भनेर हामी अभियानमा जुटेका हौं”, अध्यक्ष दाहालले भन्नुभयो, “यो अभियानले जनतामा ठूलो उत्साह थपिरहेको छ । सबै वर्गका जनतामा सकारात्मक उभार आएको छ ।

“पछिल्लो परिवर्तन र गणतन्त्रको रक्षा गर्ने प्रमुख जिम्मेवारी माओवादीको भएकाले त्यो जिम्मेवारी पूरा गर्न जनताको घरदैलोमा हिँडेको र देशमा देखिएको असन्तुष्टि अन्त्यका लागि माओवादीले पहल गरिरहेको उहाँको भनाइ छ । रासस

## संरक्षण क्षेत्रमा पर्यापर्यटन प्रवर्द्धन आवश्यक छः वनमन्त्री शाही

काठमाण्डु । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले मुलुकभरका संरक्षण क्षेत्रमा पर्यापर्यटन प्रवर्द्धन गरी जनताको जीविकोपार्जनसँग जोड्नुपर्ने बताउनुभएको छ ।

वन्यजन्तु संरक्षण तथा राष्ट्रिय निकुञ्ज विभागले मंगलबार आयोजना गरेको ३०औं वन्यजन्तु सप्ताह कार्यक्रममा उहाँले संरक्षण क्षेत्रले अब आफैँ राजस्व सङ्कलन गरी आयआर्जन वृद्धि गर्नुपर्नेमा जोड दिनुभयो ।

मन्त्री शाहीले भन्नुभयो, “पछिल्लो समय वन्यजन्तुको वृद्धिसँगै मानव-वन्यजन्तु द्वन्द्व र व्यवस्थापनको चुनौती बढेको छ । यसलाई व्यवस्थापन गरी न्यूनीकरण गर्न वन मन्त्रालयसँगै अन्य निकाय र सरोकारवाला सबैको सहयोगको अपेक्षा गर्दछौं ।”

कार्यक्रममा वन मन्त्रालयका सचिव डा दीपककुमार खरालले विभागले संरक्षणको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरेको उल्लेख गर्दै अब मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनमा काम गर्नुपर्ने बताउनुभयो । साथै उहाँले स्थानीय समुदायमा संरक्षणप्रति अपनत्वका साथ बुझाइमा एकरुपता ल्याउनुपर्ने सुझाउनुभयो ।रासस


Community Family Welfare Association (CFWA)
Janakpur, Dhanusha, Nepal

INVITATION FOR BIDS

Repair and maintenance of classroom and WASH facility in School

BID no. : 02/081-082/CFWA  Date of Publication: 16th April 2025

Community Family Welfare Association (CFWA) in collaboration with Plan International Nepal to repair and maintenance of classroom and WASH facility in 10 Schools of Sahidnagar and Kamla Municipalities of Dhanusha district. Therefore, CFWA invites bids from eligible bidders for the same. Bidders can receive hardcopy or by email request of a complete set of bidding documents from 16th April 2025 up to 25th April 2025.

All bidders by a bid Security 2.5% of bid price must be submitted in accordance with the Instruction to Bidders latest by 4:00 PM on 25th of April 2025 in the address given below. Financial tender will be opened at CFWA, Janakpurdham-12 office in the presence of Bidder's representatives who choose to attend at 11:30 AM on 27th April 2025.

| Package ID | Types and Location |
|---|---|
| BID no. : 02/081-082/CFWA (Repair and maintenance of classroom and WASH facility in School) | 1. Shree Ra. Pra.Vi. Sarabe – Kamala Municipality<br>2. Shree Janhit Ma.Vi. Jhitakaiya– Kamala Municipality<br>3. Shree Janata Ra. Pra.Vi. Shakhuwa Madan-– Kamala Municipality<br>4. Shree Janta Bishnu Adharbhut School, Yadukaha – Sahidnagar Municipality.<br>5. Shree Ra. Adharbhut School Bemarkhikhal Sahidnagar Municipality.<br>6. Shree Ra. Adharbhut School Matauna Sahidnagar Municipality.<br>7. Shree Ra. Adharbhut school Nanupatti Sahidnagar Municipality.<br>8. Shree Bilat Kisun Pragatishil Adharbhut school Hattipur Sahidnagar Municipality.<br>9. Shree Adharbhut school Hadawara Sahidnagar Municipality.<br>10. Shree Sarbajanik Adharbhut School Namuwatol Sahidnagar Municipality. |

**Cash Security amount is to be deposited in following bank account:**
**Bank:** Rastrity Banijay Bank Limited, Janakpur Branch
**Account Holder Name:** Samudayik Pariwar Klyan Sangh
**Account No:** 1220100004044001

**Note:** CFWA reserves the right to accept or reject, wholly or partly, any or all bids without assigning any reason whatsoever.

Community Family Welfare Association (CFWA)
Janakpurdham-12, Sardanagar
Contact No. : 041425103
Email: cfwadhanusha@gmail.com



Madhesh Province Government
Ministry of Health and Population
Province Health Logistic Management center
Janakpurdham, Dhanusha

Invitation for Electronic Bids

The Procurement And supply Of Medicines For Non-commucable Disease (IFB No. MP/PHLMC/NCB/GOODS-22/2081-82)

Date of Publication: 16th April, 2025

1. Ministry of Health & Population, Province Health Logistic Management Center, Madhesh Pradesh Government, Janakpurdham, Dhanusha has allocated funds to cover eligible payments under the Contracts for MP/PHLMC/NCB/GOODS-22/2081-082. Bidding is open to all eligible Bidders.
2. Interested Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Province Health Logistic Management Centre, Madhesh Pradesh, Dhanusha, Email: phlmc.province2@gmail.com: or may visit www.bolpatra.gov.np/egp
3. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

| | |
|---|---|
| Name of Bank: | Rastriya Banijya Bank, Janakpurdham |
| Name of Office: | Province Health Logistic Management Centre, Janakpurdham, Dhanusha |
| Office Code No: | 3500717012 |
| Revenue Head No: | 14229 |
| Revenue No: | 1000200010000 |

4. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Province Health Logistic Management Centre, Madhesh Province, Janakpurdham, on or before 12:00 (noon) on 16th May 2025. Bids shall be opened in the presence of Bidders representatives who choose to attend on 2:00 pm on 16th May 2025 at office of Province Health Logistic Management Centre, Madhesh Province, Janakpurdham.
5. Pre-bid Meeting shall be organized on 7th May 2025
6. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063. Public Procurement Regulations-2064 and their amendment.

| S. N. | Contract Identification No. | Description of items | Cost of Bidding document (NRS) | Amount of Bid Security (NRS) | Qty |
|---|---|---|---|---|---|
| 1. | MP/PHLMC/NCB/GOODS-22/2081-082 | The procurement And Supply Of Medicines For Non-Communicable Disease. | 5,000.00 | 670000.00 | As Per BOQ |

# सीको भियतनाम भ्रमणले अमेरिकालाई ‘बिगार्ने’ लक्ष्य राखेको छ : ट्रम्प

एएफपी

हनोई । चिनियाँ राष्ट्रपति सी जिनपिङले मङ्गलबार भियतनामका दिवङ्गत क्रान्तिकारी नेता हो ची मिन्हलाई हनोईको भ्रमणको अन्तिम दिन श्रद्धाञ्जलि अर्पण गर्नुभएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उक्त भ्रमणले संयुक्त राज्यलाई ‘बिगार्ने’ लक्ष्य राखेको बताउनुभएको छ ।



मलेसिया र कम्बोडिया समावेश हुने दक्षिणपूर्वी एसिया भ्रमणको एक हिस्साका रूपमा सी भियतनाममा हुनुहुन्छ । ती मुलुकका नेताहरूले अमेरिकी भन्सार शुल्कको सामना गरिरहेको बेला बेइजिङले आफूलाई ट्रम्पको स्थिर विकल्पका रूपमा स्थापित गर्न खोजिरहेको छ। बेइजिङको सरकारी मिडियाका अनुसार चिनियाँ राष्ट्रपति सीले सोमबार आफ्नो देश र भियतनामलाई ‘एकपक्षीय धम्कीको विरोध गर्न र विश्वव्यापी स्वतन्त्र व्यापार प्रणालीको स्थिरतालाई कायम राख्न’ आह्वान गर्नुभयो ।

केही घण्टापछि ट्रम्पले ह्वाइट हाउसमा पत्रकारहरूलाई उनीहरूको बैठक संयुक्त राज्यलाई चोट पुर्‍याउने उद्देश्यले थियो भन्नुभयो ।

“म चीनलाई दोष दिन्नँ । म भियतनामलाई दोष दिन्नँ । म दिन्नँ । मैले देखेँ कि उनीहरू आज भेट्दैछन्, र त्यो अद्भुत छ”, उनले भने, “त्यो एक सुन्दर बैठक हो... हामीले संयुक्त राज्य अमेरिकालाई कसरी बिगार्ने भनेर पत्ता लगाउने प्रयास जस्तै ।”

चीन र भियतनामले सोमबार आपूर्ति शृङ्खला, कृत्रिम बौद्धिकता (एआई), संयुक्त समुद्री गस्ती र रेलमार्ग विकास सहित ४५ सहयोग सम्झौतामा हस्ताक्षर गरेका छन् ।सीले सोमबार भियतनामका शीर्ष नेता तो लामसँगको बैठकमा उहाँहरूको देशहरू ‘इतिहासको निर्णायक विन्दुमा उभिएका छन्... र संयुक्त हातहरू अगाडि बढ्नुपर्छ’ भन्नुभयो ।भियतनाम समाचार एजेन्सीका अनुसार लामले वार्तापछि दुई नेताले ‘धेरै महत्त्वपूर्ण र व्यापक साझा धारणाहरू प्राप्त गरेको’ बताउनुभयो ।

**रेल लिङ्क**

आफ्नो भ्रमणको अन्तिम दिन सीले मध्य हनोईमा स्वर्गीय नेताको समाधिमा आफ्नो नाम र ‘भियतनामका महान नेता राष्ट्रपति हो ची मिन्ह दीर्घायु रहुन्’ शब्दहरू अङ्कित रातो माला चढाउनुभयो ।

उहाँ भियतनाम-चीन रेलवे सहयोगको शुभारम्भमा पनि सहभागी हुने कार्यक्रम छ । उक्त रेलवेले यस वर्ष घोषणा गरिएको भियतनामको सबैभन्दा ठूलो उत्तरी बन्दरगाह सहरलाई चीनसँगको सिमानामा जोड्ने आठ अर्ब डलरको रेल परियोजना व्यवस्थापन गर्न मद्दत गर्नेछ ।उत्पादन पावरहाउस भियतनामको वर्षको पहिलो तीन महिनामा सबैभन्दा ठूलो निर्यात बजार संयुक्त राज्य अमेरिकाले विश्वव्यापी भन्सार अभियानको हिस्साका रूपमा भियतनामी सामानहरूमा ४६ प्रतिशत भन्सार शुल्क लगाएको लगभग दुई हप्तापछि सीको भ्रमण भएको हो ।

भियतनाम र अन्य धेरै देशमा अमेरिकी करहरू रोकिए पनि चीनले अझै पनि ठूलो भन्सार शुल्कको सामना गरिरहेको छ र क्षेत्रीय व्यापार सम्बन्धलाई कडा बनाउन र सीको यस वर्षको पहिलो विदेश भ्रमणका क्रममा तिनीहरूको प्रभावलाई कम गर्न खोजिरहेको छ ।सी मङ्गलबार पछि मलेसिया र त्यसपछि कम्बोडिया जानुहुने र यसले व्यापक क्षेत्रका लागि ‘प्रमुख महत्त्व राख्ने’ बेइजिङले बताएको छ ।यसअघि सीले भियतनाम र चीनलाई ‘बहुपक्षीय व्यापार प्रणाली, स्थिर वैश्विक औद्योगिक र आपूर्ति शृंखला र खुला र सहकारी अन्तर रािष्ट्रय वातावरणको दृढतापूर्वक रक्षा गर्न’ आग्रह गर्नुभएको थियो ।

उहाँले सोमबार भियतनामको प्रमुख राज्यद्वारा सञ्चालित नहान दान अखबारमा प्रकाशित एउटा लेखमा ‘ व्यापार युद्ध र भन्सार शुल्क युद्धले कुनै विजेता उत्पादन गर्दैन र संरक्षणवादले कतै नेतृत्व गर्दैन’ भन्ने बेइजिङको लाइनलाई पनि दोहोर्‍याउनुभयो ।दुवै कम्युनिस्ट पार्टीद्वारा शासित चीन र भियतनाम पहिले नै ‘व्यापक रणनीतिक साझेदारी’ साझा गर्दछन् जुन हनोईको सर्वोच्च कूटनीतिक स्थिति हो ।भियतनामले चीन र संयुक्त राज्य अमेरिका दुवैसँग राम्रो सर्तमा रहन प्रयास गर्दै लामो समयदेखि ‘बाँस कूटनीति’ दृष्टिकोण अपनाएको छ। बाँस कूटनीतिले लचिलोपन र स्वतन्त्रताको सिद्धान्तमा निहित विदेशी सम्बन्धमा भियतनामको विशिष्ट दृष्टिकोणलाई जनाउँछ । यो अवधारणाले भियतनाममा गहिरो सांस्कृतिक महत्त्व राख्ने बाँसको बोटबाट प्रेरणा लिन्छ राख्छ ।दुई देशबीच घनिष्ठ आर्थिक सम्बन्ध छ तर हनोईले विवादित दक्षिण चीन सागरमा बेइजिङको बढ्दो दृढताबारे अमेरिकाको चिन्ता साझा गर्दछ ।

# जापानद्वारा अश्लील एआई तस्बिर हरूका लागि चार जना पक्राउ



एएफपी

टोकियो ।जापान प्रहरीले आफ्नो प्रकारको पहिलो कारबाहीमा जेनेरेटिभ एआई प्रयोग गरेर सिर्जना गरिएका अश्लील तस्बिरहरू बेच्ने आरोपमा चार जनालाई पक्राउ गरेको प्रहरी प्रवक्ता र स्थानीय मिडिया रिपोर्टहरूले मङ्गलबार बताएका छन् ।पोस्टरहरू बनाएर अनलाइनमा बेच्ने आरोप लागेका चार जनालाई ‘अश्लील तस्बिरहरू बेच्ने शङ्कामा सोमबार पक्राउ गरिएको’, टोकियो प्रहरीका प्रवक्ताले एएफपीलाई बताए ।

उनीहरूले गत अक्टोबरमा लिलामी साइटहरूमा धेरै पटक बेचेका थिए । प्रवक्ताका अनुसार यस्तो आपराधिक कार्यका लागि उनीहरूले दुई वर्ष जेल सजाय, २५ लाख येन (१७ हजार पाँच सय डलर) सम्म जरिवाना वा दुवैको सामना गर्नुपर्नेछ ।सार्वजनिक प्रसारक एनएचके र अन्य मिडिया आउटलेटहरूले संदिग्धहरूले वास्तविक संसारमा अवस्थित नभएका नग्न वयस्क महिलाहरूको तस्बिरहरू सिर्जना गर्न निःशुल्क एआई सफ्टवेयर प्रयोग गरेको बताएका छन् ।

तिनीहरूले ‘खुट्टा खुला’ जस्ता शब्दहरू समावेश गरी सङ्केतहरू प्रयोग गरेका छन् ।बीसदेखि ५० वर्षको उमेरका चारजनाले प्रत्येक पोस्टर केही हजार येन (लगभग २०-५० डलर) मा बेचेका थिए ।मङ्गलबारका रिपोर्टहरूले एआई-निर्मित अश्लील तस्बिरहरू कथित रूपमा बेच्ने जापानको पहिलो गिरफ्तारी भएको बताएको छ। यसलाई प्रहरीले तुरुन्तै पुष्टि गर्न सकेन ।

डिपफेक सहित दुर्भावनापूर्ण उद्देश्यहरूका लागि एआईको प्रयोगमाथि विश्वभर चिन्ता बढ्दै गइरहेको छ, जसले मानिसहरूको वास्तविक फोटो, भिडियो वा अडियोलाई झूटो समानताहरूमा परिवर्तन गर्दछ ।डच एआई कम्पनी सेन्सिटीको सन् २०१९ को अध्ययन अनुसार अनलाइनमा लगभग ९६ प्रतिशत डिपफेक भिडियोहरू गैर-सहमति पोर्नोग्राफी हुन् र तिनीहरू मध्ये धेरैजसोमा महिलाहरू चित्रित गरिएका छन् ।

# बोइङ जेटको डेलिभरी स्थगित गर्न एयरलाइन्सलाई चीनको आदेश : रिपोर्ट




एएफपी

बेइजिङ । चीन र संयुक्त राज्य अमेरिकाबीचको व्यापार युद्ध गहिरो हुँदै जाँदा बेइजिङले आफ्ना एयरलाइन्सलाई अमेरिकी उड्डयन जायन्ट बोइङबाट जेटहरू डेलिभरी गर्न रोक्न भनेको मङ्गलबार एउटा रिपोर्टले जनाएको छ ।

जनवरीमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पदभार ग्रहण गरेदेखि विश्वका दुई ठूला अर्थतन्त्र प्रतिक्रियात्मक भन्सार युद्धमा फसेका छन् । अमेरिकाले अब चीनबाट आयातमा १४५ प्रतिशतसम्म कर लगाएको छ ।बेइजिङले वासिङ्टनको गैरकानूनी ‘धम्की’ भनेको कुरामा क्रोधित प्रतिक्रिया दिएको छ र थप वृद्धिलाई अर्थहीन भन्दै अमेरिकी आयातमा १२५ प्रतिशतको प्रतिशोधात्मक भन्सार शुल्क लगाएको छ ।चीनले यस मामिलासँगपरिचितव्यक्तिहरूलाई उद्धृत गर्दै बोइङ विमानहरूको डेलिभरी रोक्न एयरलाइन्सलाई आदेश दिएको ब्लुमबर्ग न्युजले मङ्गलबार रिपोर्ट गरेको छ ।

बेइजिङले आफ्ना वाहकहरूलाई अमेरिकी कम्पनीहरूबाट विमानसम्बन्धी उपकरण र पुर्जाहरू खरिद गर्न निलम्बन गर्न पनि भनेको वित्तीय समाचार आउटलेटले मानिसहरूलाई रिपोर्ट गरेको छ ।एएफपीले टिप्पणीका लागि बोइङ र चीनको विदेश मन्त्रालयलाई सम्पर्क गरेको छ ।

अमेरिकी आयातमा बेइजिङको प्रतिशोधात्मक भन्सार शुल्कले सम्भवतः विमान र घटकहरू ल्याउने लागतमा उल्लेखनीय वृद्धि गर्नेछ ।ब्लुमबर्गले चिनियाँ सरकारले बोइङ जेट भाडामा लिने र उच्च लागतको सामना गर्ने क्यारियरहरूलाई सहयोग गर्ने विचार गरिरहेको बताएको छ ।

ट्रम्पको भन्सार शुल्कको आक्रमणले विश्व बजारहरूलाई हल्लाउनुका साथै मित्रराष्ट्र र विरोधीहरूसँगको कूटनीतिलाई उलटपुलट पारेको छ। अ ा स थ र अमेरिकी नेताले गत हप्ता थप वृद्धिमा अचानक रोकको घोषणा गर्नुभयो तर बेइजिङलाई तत्काल कुनै राहत दिनुभएन ।अमेरिकी अधिकारीहरूलेशुक्रबारस्मार्टफोन, सेमीकन्डक्टर र कम्प्युटर जस्ता उच्च-टेक सामानहरूका लागि चीन र अन्य विरुद्धको नयाँ भन्सार शुल्कबाट छुटको घोषणा गरेका छन् ।


# पाकिस्तानको बलुचिस्तानमा विस्फोट, तीन जना प्रहरीको मृत्यु, १६ घाइते

सिन्ह्वा

इस्लामाबाद । पाकिस्तानको दक्षिणपश्चिम बलुचिस्तान प्रान्तमा भएको बम विस्फोटमा तीन जना प्रहरीको ज्यान गएको छ भने १६ जना घाइते भएका छन् ।

सरकारी प्रवक्ता शाहिद रिन्दका अनुसार घटना मस्तुङ जिल्लाको कुन्द मसुरी क्षेत्रमा भएको हो, जहाँ तालिम केन्द्रबाट फर्किरहेकै र विस्तृत प्रतिवेदन मागिएको छ ।बलुचिस्तान प्रान्तका मुख्यमन्त्री सरफराज बुग्टीले घटनाको कडा निन्दा गर्दै घाइतेहरूको उपचारमा कुनै कमी हुन नदिन निर्देशन दिनुभयो । उहाँले प्रान्तीय स्वास्थ्य मन्त्रीलाई उपचार कार्यको प्रत्यक्ष निगरानी गर्न भन्नुभयो ।

मुख्यमन्त्री बुग्टीले स्पष्ट रूपमा भन्नुभयो, “घाइतेहरूको उपचारमा



क्रममा प्रहरीहरू चढेको गाडीलाई लक्षित गरी विस्फोट गराइएको थियो ।दुई जना घाइतेको अवस्था गम्भीर छ । सबै घाइतेहरूलाई नजिकैको अस्पतालमा लगिएको छ । प्रहरी टोली बलुचिस्तान नेशनल पार्टी-मेङ्गल (बीएनपी-एम) द्वारा आयोजना गरिएको धर्नाको सुरक्षामा खटिएको थियो ।

घटनापछि बोलन मेडिकल कलेज अस्पताल र क्वेटा सिभिल अस्पतालमा आपतकालीन व्यवस्था मिलाइएको छ ।सरकारले घटनाको छानबिन सुरु गरेको

कुनै पनि प्रकारको लापरवाही स्वीकार्य हुने छैन । घटनामा संलग्न व्यक्तिहरूलाई कानुनी कारबाहीबाट जोगिन दिइने छैन ।”

हालसम्म यो आक्रमणको जिम्मेवारी कसैले लिएको छैन । बलुचिस्तान पाकिस्तानको सबैभन्दा ठूलो तर जनसंख्याको हिसाबले सानो प्रान्त हो, जहाँ विगतका वर्षहरूमा सुरक्षाकर्मीलाई लक्षित गरी हिंसात्मक गतिविधि भइरहेका छन् । यस्ता घटनाहरूलाई पृथकतावादी समूहसँग जोडिने गरिन्छ ।

# इरान वार्तामा प्रमाणीकरण ‘मुख्य विन्दु’ हो : ट्रम्पका दूत

एएफपी

वासिङ्टन। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका विशेष दूतले सोमबार संयुक्त राज्य अमेरिका र इरान बीचको कुनै पनि आणविक सम्झौता तेहरानको संवर्धन र हतियार क्षमताहरूको प्रमाणीकरणमा निर्भर हुने बताएका छन् ।



“पहिलो बैठक सकारात्मक, रचनात्मक, बाध्यकारी थियो”, गत हप्ता ओमानमा वार्ताका लागि अमेरिकी प्रतिनिधिमण्डलको नेतृत्व गरेका स्टिभ विटकफले टेलिभिजनमा फक्स न्युजसँगको अन्तर्वार्तामा भन्नुभयो ।‘यो संवर्धन कार्यक्रममा प्रमाणीकरणको बारेमा धेरै हुन गइरहेको छ’ भन्दै उहाँले इरानको आणविक कार्यक्रमलाई पूर्ण रूपमा विघटन गर्न आह्वान गर्न छोडेको देखिन्थ्यो ।

“उनीहरूलाई तीन दशमलव ६७ प्रतिशतभन्दा बढी समृद्ध गर्न आवश्यक छैन”, ट्रम्पले आफ्नो पहिलो कार्यकालमा सन् २०१८ मा बाहिरिएको अघिल्लो आणविक सम्झौताअन्तर्गत अनुमति दिइएको अधिकतम स्तरलाई सन्दर्भ गर्दै रियल स्टेट व्यवसायी विटकफले भन्नुभयो, “केही परिस्थितिमा उनीहरू ६० प्रतिशतमा छन्, अन्य परिस्थितिमा २० प्रतिशत । त्यो हुन सक्दैन र तपाईंलाई जसरी उनीहरू दाबी गर्छन्, नागरिक आणविक कार्यक्रम चलाउन आवश्यक छैन जहाँ तपाईं तीन दशमलव ६७ प्रतिशतभन्दा बढी समृद्ध गर्दै हुनुहुन्छ ।”

सन् २०१५ मा ट्रम्पले त्यागेको बहुपक्षीय सम्झौताले इरानलाई आणविक बम निर्माण गर्न व्यावहारिक रूपमा असम्भव बनाउने लक्ष्य राखेको थियो भने एकै समयमा यसलाई नागरिक आणविक कार्यक्रमलाई अगाडि बढाउन अनुमति दिएको थियो ।अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) ले इरानसँग अनुमानित दुई सय ७४ दशमलव आठ किलोग्राम युरेनियम रहेको बताएको छ। यो ६० प्रतिशतमा समृद्ध छ र ९० प्रतिशत हतियार ग्रेडको नजिक छ ।‘हतियारीकरण’ क्षमताहरूको प्रमाणीकरण इरानसँगको वार्तामा अर्को ‘महत्वपूर्ण’ विन्दु हुने विटकफले बताउनुभयो ।

“यसमा मिसाइलहरू समावेश छन्, उनीहरूले त्यहाँ भण्डार गरेका मिसाइलहरूको प्रकार र यसमा बमको ट्रिगर समावेश छ”, उहाँले फक्स होस्ट सीन ह्यानिटीलाई भन्नुभयो, “कुनै पनि औपचारिक कागजातको विवरणमा समस्या लुकेको हुन्छ, आशा छ कि हामीसँग कागजातको मस्यौदा प्राप्त गर्ने उच्च गुणस्तरको समस्या हुनेछ । तर प्रमाणीकरण मुख्य विन्दु हुनेछ जसले यस सम्झौतालाई समर्थन गर्दछ ।”

# आगामी निर्वाचनअघि सिङ्गापुरको संसद् विघटन

एएफपी

सिङ्गापुर । प्रधानमन्त्री लरेन्स वोङका लागि निर्णायक परीक्षा मानिएको आगामी राष्ट्रिय चुनावअघि सिङ्गापुरको संसद् मङ्गलबार विघटन गरिएको छ ।



गत वर्ष वोङले सिङ्गापुरका संस्थापक प्रधानमन्त्री ली कुआन यूका छोरा ली सिएन लुङको स्थान लिनुभएको थियो र प्रभावशाली ली परिवारको दशकौंको नेतृत्वपछि नयाँ युगको सुरुआत गर्नुभएको थियो ।

“राष्ट्रपति थर्मन शनमुगरत्नमले प्रधानमन्त्री लरेन्स वोङको सल्लाहमा मङ्गलबार, १५ अप्रिल २०२५ मा संसद् विघटन गर्नुभएको छ”, एक सरकारी विज्ञप्तिमा भनिएको छ ।अप्रिल २३ का लागि मनोनयनको दिन तय गरिएको छ र निर्वाचन विभागले मङ्गलबार पछि मतदानको मिति घोषणा गर्नेछ ।

यस चुनावमा अघिल्लो संसद्भन्दा चार सिट बढी कुल ९७ सिट रहेका छन् । अधिकांश सिट ब्लक मतदान प्रणालीबाट आएका छन् जुन विपक्षीले सन् १९५९ देखि सत्तामा रहेको पिपुल्स एक्सन पार्टी (पिएपी) को पक्षमा रहेको बताएको छ ।सन् २०२० को चुनावमा प्रतिस्पर्धा गरिएका ९३ सिटमध्ये १० सिट जितेर राष्ट्रलाई चकित पारेको मुख्य विपक्षी वर्कर्स पार्टीले त्यस गतिलाई अगाडि बढाउने र थप प्रगति गर्ने अपेक्षा गरिएको छ ।

अन्य साना विपक्षी दलहरूले पनि चुनावमा लड्ने अपेक्षा गरिएको छ ।यो चुनाव अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको व्यापार युद्धले सिङ्गापुरको द्रुत आर्थिक समृद्धिका लागि महत्त्वपूर्ण विश्व व्यवस्थालाई खतरा पैदा गरेको बेला आएको छ ।ट्रम्पले सिङ्गापुरमा आधारभूत १० प्रतिशत भन्सार शुल्क लगाउनु भए पनि सहर-राज्य अन्तर रािष्ट्रय व्यापारमा भारी निर्भरताका कारण अन्य देशहरूमा लगाइएको धेरै उच्च भन्सार शुल्कले गर्दा विश्वव्यापी आर्थिक मन्दीको जोखिममा छ ।

# मलेसियाका पूर्वप्रधानमन्त्री अब्दुल्लाह बदावीको निधन

एएफपी

क्वालालम्पुर । मलेसियाका पूर्वप्रधानमन्त्री अब्दुल्लाह अहमद बदावीको निधन भएको उहाँको परिवारले जनाएको छ। अब्दुल्लाहले आफ्ना पूर्ववर्ती महाथिर मोहम्मदबाट पदभार ग्रहण गरेपछि सुधारको वाचा गर्नुभएको थियो तर कमजोर नेतृत्वका लागि उहाँको आलोचना गरिएको थियो ।पचासी वर्षीय वृद्ध अब्दुल्लाहको लामो समयसम्म बिरामी रहेपछि सोमबार अस्पतालमा निधन भएको हो । राजकीय सम्मानका साथ मङ्गलबार उहाँको अन्त्येष्टि गरिनेछ ।



स्नेहपूर्वक ‘पाक लाह’ वा काका लाह भनेर चिनिने अब्दुल्लाह सन् २००३ मा प्रधानमन्त्री बन्नुभयो र २२ वर्ष सत्तामा रहेपछि राजीनामा दिनुभएका तीक्ष्ण वाक्पटुता अधिनायकवादी नेता महाथिरको उत्तराधिकारी बन्नुभयो ।उहाँले सन् २००९ सम्म मलेसियाको पाँचौं प्रधानमन्त्रीको रूपमा सेवा गर्नुभयो । उहाँ आम चुनावमा उहाँको सत्तारूढ गठबन्धनको खराब प्रदर्शन र महाथिरको अथक आलोचनापछि पछि हट्न बाध्य हुनुभयो ।मध्यमार्गी, पितृतुल्य अब्दुल्लाह आफ्नो प्रभावशाली पूर्ववर्तीको तुलनामा एकदम भिन्न हुनुहुन्थ्यो ।

धेरैले अधिनायकवादी शासनबाट बृहत्तर स्वतन्त्रतामा सङ्क्रमणलाई उत्साहित गरे र यसले अब्दुल्लाहलाई सन् २००४ को चुनावमा आफ्नो नेसनल फ्रन्ट गठबन्धनलाई ठूलो विजय दिलाउन मद्दत गर्‍यो ।


तर उहाँलाई कमजोर नेताका रूपमा हेर्नेहरू पनि थिए । आफ्नो कार्यकाल समाप्त भएपछि अब्दुल्लाहले लो प्रोफाइल कायम राख्नुभयो ।प्रधानमन्त्री अनवर इब्राहिमले अब्दुल्लालाई ‘मलेसियाको सत्ताको राजनीतिमा नयाँ कथा जगाउने महान आत्मा भएको व्यक्ति’ का रूपमा श्रद्धाञ्जलि दिनुभयो ।

# होटल र पार्कले भरिँदै धरान आसपासका डाँडापाखा

धरान । घुम्नका लागि धरान पुग्नेहरु भेडेटारमा पुगेर चिसोको आनन्द लिने गरेको वर्षौं भइसक्यो । अर्थात् धरान र भेडेटार एकअर्काका पर्याय भइसके, स्थापित भइसके ।

कवि उपेन्द्र सुब्बाले 'भेडेटारको पिकनिक' कवितामा भने झैँ भेडेटारमा रहेका पर्यटकीय पूर्वाधारले सबै उमेर समूहका व्यक्तिलाई लोभ्याउने गरेकै थियो । अहिले भने भेडेटारसम्म पुग्नै पर्दैन । केही तलका डाँडापाखामा खुलेका राम्रा, आकर्षक, शान्त र मनै लोभ्याउने होटल रिसोर्टले स्थानीय र टाढाटाढाका पर्यटकलाई राम्रै सेवा दिन थालेका छन् ।

धरान उपमहानगरपालिका-१३ स्थित भ्यू-पोइन्ट र साराङ्गा डाँडालगायतका डाँडापाखा केही वर्षपहिले सुनसान जङ्गल थिए । तर ती ठाउँ अहिले नयाँ होटल, रिसोर्ट र रमणीय पार्कहरुले भरिँदै गएका छन् ।



पार्क र होटलहरु निर्माण भएसँगै पर्यटनको आगमन पनि बढ्दै गएको छ । अहिले यस क्षेत्रमा ४० वटाभन्दा बढी होटल रिसोर्ट र रेष्टुरेन्टहरु सञ्चालनमा रहेका छन्भने दर्जनौँ पार्क निर्माण गरिएको छ जसका कारण यहाँ दैनिक नेपाल भारतलगायतका ठाउँहरुबाट उल्लेखनीय सङ्ख्यामा पर्यटकहरुको आगमन हुने गरेको स्थानीय व्यवसायीहरुको भनाइ छ ।

धरान-१३ का स्थानीय निरज कोइरालाको भनाइअनुसार धरानको सन्ध्याकालीन व्यापार र रमझम केहीमाथिका डाँडातिर सरेको छ । "केही वर्ष अगाडिसम्म यी डाँडा, जङ्गल, झाडी र गोठालाका खेलमैदान सुनसान जस्तै हुन्थे । हामी घाँसदाउरा र गोठाला जाने गर्थ्यौं," कोइरालाले सुनाउनुभयो ।

"कुनै समय उजाडझैँ देखिने डाँडापाखाहरुमा पार्क र रिसोर्टहरुले ढाकिएसँगै यहाँका स्थानीयवासीले रोजगारीका लागि नयाँ अवसरहरु पनि पाइरहेका छन्," कोइरालाले भन्नुभयो । 'लाहुरेको शहर, फेसनेबल शहर, खेलकुदको शहर'लगायत अनेक उपनामले परिचित धरान शहर पछिल्लो समय मनोरञ्जन क्षेत्रका रुपमा निकै अगाडि छ । यसैको एउटा नमूना हो, डाँडापाखामा खुलेका नयाँ होटेल, रिसोर्ट र मनोरञ्जनात्मक पार्कहरु ।

पर्यटकीय हिसाबले भरपुर सम्भावना देखिएसँगै यस क्षेत्रलाई लक्षित गर्दै स्थानीय तथा बाह्य लगानीकर्ताहरुले पर्यटन व्यवसायमा लगानी बढाउँदै लगेका छन् । वैदेशिक रोजगारीका सिलसिलामा १४ वर्ष कतारमा दुःख गरेर नेपाल फर्किनुभएका सुनिल श्रेष्ठले धरान उपमहानगरपालिका-१३ मा 'द होटल भ्यू' सञ्चालन गरिरहनुभएको छ । विदेशमा गएर सिकेको सीप, अनुशासन र व्यवसाय कौशललाई होटल सञ्चालन गरेर उपयोग गरिरहेको सञ्चालक श्रेष्ठले बताउनुभयो ।

"सुरुमा ठूलो लगानीबाट सुरु गरिएको व्यवसाय कतै डुब्ला कि भन्ने डर थियो । सुरुआती समयमा चुनौतीहरु भए पनि अहिले होटल राम्रो चलिरहेको छ । त्यही कारण व्यवसायमा थप लगानी गर्ने हौसला मिलेको छ । धरानको प्राकृतिक सौन्दर्यलाई जोगाउँदै आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने प्रयत्न गरिरहेका छौँ," उहाँले भन्नुभयो । अहिले तीन कठ्ठा जमिनमा करिब एक करोडको लगानीमा सपरिवार मिलेर होटल सञ्चालन गरिरहेको उहाँले जानकारी पनि दिनुभयो ।

धरान आसपासका डाँडामा होटल र मनोरञ्जन पार्क निर्माण भई सञ्चालनमा आएपछि रोजगारीको अवसर पनि खुलेको छ । 'द होटल भ्यू' मा मात्रै १७ जनाले रोजगारी पाएका छन् । "समय समयमा कामदारलाई तालिम दिने गरेको छु । अब चाहिँ लाग्न थाल्यो स्वदेशमै बसेर पनि राम्रो कमाई गर्न सकिने रहेछ," श्रेष्ठले भन्नुभयो ।

द होटल भ्यूमा विगत तीन वर्षदेखि काम गरिरहनुभएका समीर परियार भन्नुहुन्छ, "मैले यहाँ रोजगारी नपाएको भए अहिले म विदेश पलायन भइसक्थेँ होला । आफ्नै ठाउँमा रोजगार पाएको छु । धेरथोर भए पनि आम्दानी गरिरहेको छु । परिवारसँग बस्न पाएको छु । आफ्नो गाउँठाउँका होटलहरु विदेशी र स्वदेशी पाहुनाहरुको स्वागत सत्कार गर्न पाउँदा खुसी लागेको छ ।"

"धरान-१३ को होटल मनशान्तका मेनेजर सुजन राईका अनुसार कोरोना महामारी भएको बेला व्यापार-व्यवसाय खस्किएको थियो । तर अहिले बिस्तारै पर्यटकको आगमन बढ्न थालेको छ । जस्ले गर्दा व्यापार-व्यवसायमा सुधार हुँदै गएको छ," उहाँले भन्नुभयो । अहिले पर्यटकको चहलपहल निकै हुन थालेपछि यहाँका व्यवसायीहरु पनि खुसी छन् । दैनिक हजारौँ सङ्ख्यामा आन्तरिक तथा बाह्य पर्यटक घुम्न आउने गरेको उहाँले बताउनुभयो ।

धरानका डाँडापाखामा व्यावसायिक प्रयोजनका लागि होटल र पार्कहरु तीव्र गतिमा भरिने क्रममा रहेको छ । डाँडापाखा शान्त वातावरण, प्राकृतिक सौन्दर्य र शीतल हावाको मजा लिन चाहनेहरूका लागि धरानका डाँडापाखाहरु गन्तव्य बनेको छ ।

पिकनिक स्पट, भव्य रिसोर्ट, आकर्षक पार्कले आन्तरिक पर्यटकलाई तानिरहेको इटहरीबाट घुम्न आउनुभएकी सुमी राईले बताउनुभयो । "धरानको सिरानमा रहेका यस क्षेत्रका होटल रिसोर्टहरु साँच्चिकै मनमोहक छन् । इटहरीबाट साथीहरुलाई लिएर घुम्न आएँ । यस ठाउँबाट धरान बजारका साथै सुनसरीको समथर फाँट, कोशी नदी, चारकोसे झाडी, चिन्डेडाँडालगायतका ठाउँको दृश्यावलोकन गर्न सकिन्छ रहेछ । साथै चिसो हावापानी पाउँदा साँच्चिकै रमाइलो लागेको छ ।"

सुमी राईलाई जस्तै तराईको गर्मी छल्ने र केही घण्टा भए पनि मनोरञ्जन गर्नेहरुका लागि धरान आसपासका डाँडा नयाँ गन्तव्य बनेका छन् । केही वर्षअगाडि यस ठाउँमा आउँदा फाट्टफुट्ट मात्र रिसोर्टहरु थिए । तर अहिले डाँडाभरि होटल रिसोर्टहरु खुलिसकेका छन् । "हामी शहरको भीडभाडबाट केही माथि सुन्दर अनि शान्त ठाउँमा आएर निकै रमाइलो गर्‍यौँ, यहाँको प्राकृतिक सौन्दर्यले मन नै आनन्दित हुन्छ अरू साथीभाइलाई पनि यस ठाउँमा घुम्न आउन आग्रह गर्छु," सुमीले भन्नुभयो ।

धरानका डाँडापाखामा खुलेका होटल र फास्टफुड पसलमा नेपाली पर्यटकसँगै भारतीय पर्यटकको पनि आकर्षण बढेको छ । धेरैजसो पर्यटकहरु धनकुटाको भेडेटार र नाम्जे जाने गर्थे । तर धरान आसपासका डाँडामा होटल र रिसोर्टहरु खुलेपछि पर्यटकहरु आकर्षित भएको धरान-१३ स्थित होटल साराङ्गाका सञ्चालक जेशिस राईले बताउनुभयो ।

कोशी राजमार्ग आसपास रहेको होटल र रिसोर्टमा आउने पर्यटकमध्ये करिब ४० प्रतिशत भारतीय नागरिकहरु रहेका छन् । पूर्वाधार विकाससँगै थप मनोरञ्जनका क्षेत्र विस्तार गर्न सके यो क्षेत्रमा पर्यटन व्यवसाय अझै फस्टाउने होटल साराङ्गाका सञ्चालक राईको भनाइ छ ।

धरान आसपासका डाँडामा व्यक्तिका नाममा जग्गा भए पनि उपयोगमा आएका थिएनन् । घारी जङ्गल थियो, चोरी डकैती हुने गर्थ्यो । लागुऔषध सेवनकर्ता जताततै देखिन्थे । दिउँसो एक्लै हिँड्डुल गर्न कठिन थियो । साँझ परेपछि धनकुटातिर जाने सवारी साधनहरुमा समेत लुटपातको डर हुने गर्थ्यो । तर अहिले मध्यरातसम्म यी ठाउँमा झिलीमिली र गुल्जार हुने गरेको धरान-१३ का स्थानीय पदम राईले बताउनुभयो ।

"डाँडापाखामा चारैतिर होटल रिसोर्टहरुले झिलीमिली भएको देख्दा साह्रै राम्रो लाग्छ । होटल रिसोर्टहरुमा सयौँ युवाले स्वदेशमै रोजगार पाएका छन् । अझै थप पूर्वाधार निर्माण हुने क्रममा रहेको छ । अब यो ठाउँ धरान आउने पर्यटकका लागि पुग्नै पर्ने गन्तव्यका रुपमा विकास भएको छ," उहाँले भन्नुभयो ।

धरान उपमहानगरपालिका-१३ मा निर्माण गरिएको ओशो पार्क जहाँ आन्तरिक तथा बाह्य पर्यटकको मुख्य आकर्षण केन्द्रका रुपमा विस्तार हुँदै गएको छ । धरानको मुख्य बजार भानुचोकबाट करिब छ किमीमाथि निर्माण गरिएको पार्क जहाँ त्यसको वरपर श्रमदानबाट बनाइएका एसडिबी, रकगार्डेन, बिपी पार्कलगायत एकैसाथ दर्जनौँ पार्क निर्माण गरिएको छ ।

वरिपरिका हरियाली वातावरणसहित ढकमक्क फुलेका फूलले पर्यटकको मन त्यसै लोभ्याउँछ । ओशो पार्कमा पुग्नुभएका पाँचथरका सन्दीप लिम्बू भन्नहुन्छ, "आजभन्दा पाँच-सात वर्षअगाडि यस ठाउँमा आउँदा चारैतिर जङ्गल झाडी अनि बगर थियो । अहिले यस्तो राम्रो पार्क बनिसकेछ ।"

"अब स्थानीयस्तरबाट पनि केही पार्क र वनभोजस्थलहरु थप्नका निम्ति कामहरु गर्न खोजिरहेका छौँ । होटेल पार्कहरुमा स्थानीय संस्कृति झल्काउने वातावरण बनाउने योजना अगाडि ल्याएका छौँ," धरान उपमहानगरपालिका-१३ का वडाध्यक्ष नेत्र काफ्लेले बताउनुभयो ।

"नयाँनयाँ निर्माण भइरहेका होटेल र पार्क निर्माणका कार्यलाई हामीले नियमन र सहजीकरण गर्दै आइरहेका छौँ । धरानको उत्तरी क्षेत्रलाई संरक्षण र विकास गर्न उपमहानगरपालिकाका तर्फबाट विस्तृत योजना बनाइरहेका छौँ । यो ठाउँलाई धरानको सौन्दर्य पहिचानसँग जोड्ने योजना छ," वडाध्यक्ष काफ्लेले भन्नुभयो ।

यहाँ सुनसरी, मोरङ, झापा, विराटनगरलगायत नेपालका विभिन्न ठाउँबाट आन्तरिक पर्यटक घुम्न जाने क्रम बढ्दै गएको छ । यहाँ पारिवारिक मिलन र भेटघाट, पारिवारिक घुमफिर, जन्मदिनका कार्यक्रम गर्ने चलन पनि बढ्दै गएको छ । यहाँका होटलमा नेपाली खानाका परिकार, स्थानीय जातजातिका खानाका परिकार, धराने कालो बङ्गुरको सेकुवा, सुकुटी, तोङ्बालगायतका स्थानीय खानाको स्वाद पनि पाइने होटल व्यवसायीहरुले बताउनुभयो ।रासस

# नेप्से परिसूचकमा २७ अङ्कको वृद्धि

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २७ दशमलव १४ अङ्कले बढेर दुई हजार छ सय ८९ दशमलव २२ को बिन्दुमा कायम भएको छ ।

मंगलबार विभिन्न तीन सय २० कम्पनीका दुई करोड १८ लाख ४१ हजार ४७ कित्ता शेयर ६९ हजार तीन सय ६४ पटक खरिदबिक्री हुँदा रू आठ अर्ब ५४ करोड ४३ लाख ५७ हजार आठ सय ८७ बराबरको कारोबार भएको छ ।

म्युचुअल फन्ड शून्य दशमलव ०७ र व्यापार शून्य दशमलव ६४ प्रतिशतको गिरावट देखिएको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै विकास बैंक समूह दुई दशमलव ४६ र लगानी समूह दुई दशमलव ७१ ७१ प्रतिशतले बढेको छ । बैंकिङ शून्य दशमलव ४८, वित्त एक दशमलव ५९, होटल तथा पर्यटन एक दशमलव ९९, जलविद्युत् एक दशमलव ४७, जीवन बीमा शून्य दशमलव ८१, उत्पादन तथा प्रशोधन एक दशमलव २२, लघुवित्त शून्य दशमलव ६० र निर्जीवन बीमा समूह एक दशमलव ०७ प्रतिशतले बढेको छ ।

मंगलबारको कारोबारमा कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड, ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड र सप्तकोशीडेभलपमेन्टबैंकलिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी बलेफी हाइड्रोपावर लिमिटेडको शेयर मूल्य नौ दशमलव ९९ प्रतिशतले घटेको छ ।

कारोबार रकम र शेयर संख्याका आधारमा मंगलबार सबैभन्दा धेरै बलेफी हाइड्रोपावर लिमिटेडको रू दुई अर्ब एक करोड २९ लाख ९३ हजार एक सय ४२ बराबरको ८६ लाख ७८ हजार दुई सय २५ कित्ता शेयर किनबेच भएको छ ।रासस


## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८२/०१/०३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति** — **२०८२/०१/१७ गते/स्थान : शाखा कार्यालय बर्दिबास, महोत्तरी**

**बोलपत्र खोलिने मिति/समय** — **२०८२/०१/१९ गते, शुक्रबार दिनको १ बजे**

| क्र.सं. | ऋणीको नाम, ठेगाना |
|---|---|
| १. | **नाम : सिभिल हार्डवयर एण्ड सप्लायर्स**<br>नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय जनकपुर, धनुषा<br>प्रा.फ.र.नं. १९५८०/१५०६/२०७८/०७९, दर्ता मिति : २०७८/११/१६, पान नं. १२१४५१४३३, दर्ता मिति : २०७८/११/२२<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ४, **प्रोप्राइटर : पुरुषोतम राउत** |
| | **नाम : जोय एग्रीकल्चर फार्म प्रा.लि.**<br>नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौं<br>दर्ता नं. २६४९९०/०७८/०७९, दर्ता मिति : २०७८/०४/०५, पान नं. ६१००२७२७५, दर्ता मिति : २०७८/०४/०५<br>ठेगाना : महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं. १२, **संचालक तथा शेयरधनि : पुरुषोतम राउत** |
| | **जमानतकर्ताको विवरण** |
| | **१. नाम : पुरुषोतम राउत**<br>ना.प्र.नं. १८३००२५५८, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/११/३०<br>बाबुको नाम : मदन राउत, बाजेको नाम : केदार राउत<br>ठेगाना : महोत्तरी जिल्ला, नैन्ही वडा नं. ७<br>हाल : महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं. १२ |
| | **२. नाम : रतन ठाकुर**<br>ना.प्र.नं. १७११०२/२९४, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६५/०२/०९<br>बाबुको नाम : श्याम ठाकुर हजाम<br>बाजेको नाम : श्वहर ठाकुर<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर वडा नं. १६ |
| | **३. नाम : रिता कुमारी राय**<br>ना.प्र.नं. १८-०१-७७-०५७९२, जि.प्र.का. महोत्तरी, जारी मिति : २०७७/१०/०६<br>पतिको नाम : पुरुषोतम राउत, ससुराको नाम : मदन राउत<br>ठेगाना : महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं. १२ |
| | **धितोको विवरण** |
| | पुरुषोतम राउतको नाममा मालपोत कार्यालय हरीवन सर्लाहीमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला, हरीपुर वडा नं. ९ ख स्थित कित्ता नं. ११२ र ३५० को क्षेत्रफल क्रमशः २-५-०-० र ०-१७-५-० (बि.क.धु.क.) तथा सर्लाही जिल्ला, हरीपुर वडा नं. ९ घ स्थित कित्ता नं. ११३६ को क्षेत्रफल ०-०-१७-० (बि.क.धु.क.) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| | **ऋणीको नाम, ठेगाना** |
| २. | **नाम : ॐ साई फेन्सी स्टोर**<br>नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरी<br>प्रा.फ.र.नं. ३१६८/३२/०७२/०७३, दर्ता मिति : २०७२/१२/१९, पान नं. ६०४०३११०५, दर्ता मिति : २०७२/१२/२१<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १, **प्रोप्राइटर : उज्वल खतिवडा** |
| | **जमानतकर्ताको विवरण** |
| | **१. नाम : उज्वल खतिवडा**<br>ना.प्र.नं. ०४९७२६५४१, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५८/०२/०८,<br>बाबुको नाम : उध्दव प्रसाद खतिवडा<br>बाजेको नाम : हरी प्रसाद खतिवडा<br>ठेगाना : महोत्तरी जिल्ला, हाथिलेट वडा नं. २<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ८ |
| | **२. नाम : यमुना अधिकारी**<br>ना.प्र.नं. २०१०४९/४७/१७६८, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०६४/०६/०७,<br>पतिको नाम : उज्वल खतिवडा<br>ससुराको नाम : उध्दव प्रसाद खतिवडा<br>ठेगाना : सिन्धुली जिल्ला, हत्पते वडा नं. ७<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ८ |
| | **३. नाम : उध्दव प्रसाद खतिवडा**<br>ना.प्र.नं. ०४९७००२१, जि.प्र.का. महोत्तरी, जारी मिति : २०३५/०९/१७<br>बाबुको नाम : हरि प्रसाद खतिवडा, बाजेको नाम : देवी चरण खतिवडा<br>ठेगाना : महोत्तरी जिल्ला, १५ नं. बहादुरगंज वडा नं. १, हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ८ |
| | **धितोको विवरण** |
| | उज्वल खतिवडाको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, १५ नं. बहादुरगंज वडा नं. १ ख स्थित कित्ता नं. ९६ को क्षेत्रफल ०-१२-१२-० (बि.क.धु.क.) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| | **ऋणीको नाम, ठेगाना** |
| ३. | **नाम : ग्रिन नेशनल एसेम्बल उद्योग**<br>प्रदेश सरकार, प्रदेश न.२, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यलय धनुषा, जनकपुर<br>दर्ता नं. १४३५६/१६३५/०७७/०७८, दर्ता मिति : २०७८/०१/०९, पान नं. ६१५८८७८३८, दर्ता मिति : २०७८/०१/१०<br>ठेगाना : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ६, **प्रोपाइटर : चाँदनी परविन** |
| | **जमानतकर्ताको विवरण** |
| | **१. नाम : चाँदनी परविन**<br>ना.प्र.नं. १७-०१-७४-०८००७, जि.प्र.का. धनुषा<br>जारी मिति : २०७४/०७/१४<br>पतिको नाम : शाहजेब अनवर होदा<br>ससुराको नाम : मोहमद नुरुल होदा<br>ठेगाना : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ६ |
| | **२. नाम : मोहमद नुरुल होदा**<br>ना.प्र.नं. १७३०९६/७९८, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/१०/११<br>बाबुको नाम : मोहमद अबदुल होदा<br>बाजेको नाम : फजल करीम<br>ठेगाना : धनुषा जिल्ला, ढल्केवर वडा नं. ३<br>हाल : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ६ |
| | **३. नाम : शाहजेव अनवर होदा**<br>ना.प्र.नं. १७३०९६/५८, जि.प्र.का. धनुषा, जारी मिति : २०७०/०२/२४<br>बाबुको नाम : मोहमद नुरुल होदा, बाजेको नाम : मोहमद अव्दुल होदा<br>ठेगाना : धनुषा जिल्ला, ढल्केवर वडा नं. ३, हाल : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ६ |
| | **धितोको विवरण** |
| | चाँदनी परविनको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, ढल्केवर वडा नं. ५ ख र ६ क स्थित कित्ता नं. ४३१ र ४६५ को क्षेत्रफल क्रमशः ०-१-८-८ र ०-१-५-० को भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



## श्री धनुष जनता (प्रा. तथा व्या. शिक्षा) मा. वि.

धनुषाधाम नगरपालिका-३, धनुषा

## धनुषाधाम गुदरी बजार र माघ मकर मेला ठेक्का लगाउनका लागि ठेक्का प्रस्ताव अहवानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०१/०३

यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८१/११/१५ गतेको बैठकको निर्णयानुसार आ.व. २०८१/०८२ देखि आगामी २ वर्षको गुदरी बजार र माघ मकर मेला समेत २०८३ माघसम्मको समेत ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फारम वा संघ सस्था लगायत सरोकारवालाहरुले ठेक्काको लागि बोलपत्र फारम रु १०००।- (पछि फिर्ता नहुने गरी) सिटिजन्स बैंकको खाता नं. १०३०१००००००७१२०१ मा दाखिला गरी सो को सक्कल भौचरबाट वोलपत्र फारम खरिद गरी तोकिएको शर्तको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले १५ दिन सम्म दरभाउपत्र खरिद गरी दर्ता गराउनु हुन र रीत पूर्वक दर्ता भएका सिलवन्दी दरभाउपत्र बैशाख १९ गते दिनको २:०० बजे खोलिने सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| सि. नं. | ठेक्का नं. | विवरण | बोल कबोल रकम दुई वर्षको न्यूनतम रकम | ठेक्का अवधि (२ वर्षको) | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१।२०८१।०८२ | आव २०८१।०८२ र २०८२।०८३ को माघ मक्कर र हाट बजार समेत २०८३ माघ सम्म | ४०,००,०००।- चालिस लाख मात्र। | आ.व २०८१।०८२ र आ.व. २०८२।०८३ को माघ मसान्त सम्म। | |

**शर्तहरूः**

१. बोलपत्रदाताले बोलपत्र खरिद गर्न आउँदा आफ्नो नागरिकता प्रमाण पत्र लिई स्वंयम उपस्थिति हुनु पर्छ।
२. खाम वाहिर बजारको नाम र श्री धनुष जनता मा.वि धनुषाधाम-३ विद्यालयको नाम उल्लेख गरी बोलपत्र सिलवन्दी पेश गर्नु पर्नेछ।
३. नागरिकता प्रमण पत्रको प्रतिलिपी पेश गर्ने पर्नेछ।
४. बोल कबोलको १० प्रतिशत धरौटी रकम यस विद्यालयको सिटिजन्स बैंकको खाता नं. १०३०१००००००७१२०१ मा दाखिला गरी सक्कल भौचर पेश गर्नु पर्नेछ।
५. सूचना प्रकाशित मितिले १५ दिन सम्म फारम भर्ने म्याद हुनेछ।
६. बोल कबोल फारम खरिद गर्ने अन्तिम दिन विदा पर्न गएमा त्यसको भोली पल्ट दर्ता गराउनु पर्नेछ।
७. म्याद नाघी वा रित नपुगी आएको बोल कवोल उपर कुनै कारवाही हुने छैन।
८. वोल कबोलको फारम बैशाख १९ गते दिनको २:०० बजे धनुषाधाम नगरपालिकाको प्रतिनिधि र वडा नं. २ को बडा प्रतिनिधि समेतको रोहवरमा खोलिनेछ।
९. बोल कबोल स्वीकृत भएको पहिलो बोल कबोलदाताले ३ दिन भित्र पहिलो किस्ता र दोश्रो किस्ता आउदो पुष २० गते भित्र तिर्नुपर्ने छ। अनि मात्र चलान पुर्जि दिनुपर्नेछ। सो बोल कबोलदाताले ३ दिन भित्रमा नबुझाएमा दोश्रो बोल कबोलदाताले २ दिन भित्रमा बुझाई चलान पुर्जि लिनुपर्नेछ।
१०. यस विद्यालयको छाप र प्र.अ. को प्रमाणित नभएको बोल कबोल फारम मान्यता हुने छैन।
११. बाढी पहिरो सुख्खा जर्ति वा अन्य कुनै कारण देखाई मिन्हा माग भएमा मिन्हा दिइने छैन्।
१२. बजार मेलाको संरचनामा कुनै हेरफेर गर्न पाइने छैन्।
१३. ठेक्का सम्बन्धी कुनै झै-झगडा वा मतभिन्नता भएमा यस विद्यालयको अन्तिम निर्णय मान्य हुनेछ।
१४. यस विद्यालयको दर रेट बमोजिम कर असुली गर्नुपर्नेछ र सो दर रेट भन्दा वढी असुल गरेको पाइएमा कानुन कबमोजिम कारवाही गरिनेछ।
१५. बजारको सरसफाई एवम् सुरक्षा स्वंयमले गर्नुपर्नेछ।
१६. यस सूचनामा उल्लेखित शर्त बमोजिम नभएकोमा हकमा प्रचलित आर्थिक ऐन नियम बमोजिम हुनेछ।

**श्री धनुष जनता मा.वि धनुषाधाम-३**



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

अमेज सप्लाई सोलुशन्स (प्रा.लि. नं. २३१८०६), बिरगंज महानगरपालिका-१२, पर्साले मिति २०८१/०७/२३ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेको निवेदन उपर कारवाही हुँदा उक्त कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नुपर्ने आ.व. २०८०/०८१ सम्मका विवरणहरु पेश गरेको हुनाले सो आ.व. सम्म कम्पनी अद्यावधिक रहेको, त्यस कम्पनीको मिति २०८१/०७/१७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साबिक कम्पनी जिप्पी फैशन मार्ट प्रा.लि.को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम अमेज सप्लाई सोलुशन्स प्रा.लि.को कम्पनीले सकार्ने व्यहोर्ने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

# पुस्तक व्यवसायी महासंघमा विवाद



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाले निजी विद्यालयहरूमा प्रयोग हुने पाठ्यपुस्तकमा एकरूपता कायम गर्न लिएको निर्णयलाई लिएर पुस्तक व्यवसायी महासंघमा विवाद उत्पन्न भएको छ ।

पुस्तक व्यवसायी महासंघका अध्यक्षलगायतका एक समूहले जनकपुरधामउपमहानगरपालिकाले पुस्तकमाथि सिन्डिकेट कायम गर्न खोजेको भन्दै घोर भर्त्सना गरेको थियो । तर सहसचिव नेतृत्वको एक समूहले भने उपमहानगरको कार्यलाई स्वागत गरेको थियो । जसले गर्दा पुस्तक व्यवसायी महासंघको विवाद सतहमा आएको छ ।

निजी विद्यालयहरूले मनपरी ढंगले पाठ्यपुस्तक छनोट गरिरहेको र त्यसले बजारमा अनियन्त्रित प्रतिस्पर्धा, अभिभावकमाथि आर्थिक भार र विद्यार्थीमा पाठ्यक्रमगत असमञ्जसको स्थिति सिर्जना भइरहेको बेला उपमहानगरपालिकाले 'एकीकृत पाठ्यपुस्तक सूची' सार्वजनिक गर्दै यस्तो अभ्यासलाई अन्त्य गर्न खोज्नु प्रशंसनीय गरिएको एक पक्षको दाबी छ ।

पुस्तक व्यवसायी संघका सहसचिव बजरंग यादवले जनकपुरधाम उपमहानगरपालिका शिक्षा शाखाले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेको पाठ्यपुस्तक विवरण-सूची हामी व्यवसायीहरूका लागि मात्र नभई सम्पूर्ण शैक्षिक क्षेत्रका हितधारीहरूका लागि स्वागतयोग्य र समयानुकूल निर्णय गरेको दाबी गरे ।

# जुडशीतल पर्व मनाइयो



**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिला-मधेशमा परम्परागत रूपले मनाइने 'जुडशीतल' पर्व मनाइएको छ । वैशाख सङ्क्रान्तिको अवसरमा मनाइने जुडशीतल पर्वले जल, माटो, प्रकृति र सामाजिक सहकार्यको महत्वलाई उजागर गर्दै आएको छ ।

मिथिलामा दुई दिनसम्म मनाइने यस पर्वको पहिलो दिनलाई 'सतुवाइन' र दोस्रो दिनलाई 'जुडशीतल' भनिन्छ । विक्रम संवत् नयाँ वर्षको प्रारम्भसँगै आउने यो पर्वले नयाँपन, शीतलता, दीर्घायु र आपसी मेलमिलापको रुपमा पनि लिइन्छ ।

पहिलो दिन अर्थात् वैशाख १ गते सतुवाइन पर्वको अवसरमा चना, जौँ, मकै, कँगनो, गहुँ, चामल र मुँगसहित सातथरि अनाजको सातु बनाएर खाने चलन छ । त्यसलाई राखिएको सख्खरको सर्वतसँग मिलाएर सर्वप्रथम कूलदेवतालाई चढाइन्छ । त्यसपछि कूलपुरोहित, ब्राह्मण र साधु-सन्तहरूलाई दान दिइ बाँकी परिवारका सदस्यहरूले सेवन गर्छन् ।

पर्वको दोस्रो दिन अर्थात् वैशाख २ गते घरपरिवारका ज्येष्ठ सदस्यहरूले आफूभन्दा साना सदस्यहरूका शिरमा पानी सिञ्चन गरेर शीतलता, स्वास्थ्य, समृद्धि र दीर्घजीवनको कामना गर्छन् । यसरी जल छर्किने परम्पराले जीवनमा शुद्धता र शान्तिको प्रतीकको रुपमा लिइन्छ ।

जुडशीतल मिथिलामा घरका कूलदेवताको पूजाआराधना गरिने थोपा पर्वमध्ये एक मानिन्छ । यस अवसरमा पकाइने सबै परिकार पहिले इष्टदेवतालाई अर्पण गरिन्छ । दही, सोहिजन (सहजन)को तरकारी, चनाको बेसनबाट बनेको कढीबरी, काँचो केरा, लौका, परवल आदिसहितका परिकार रहन्छ ।

गर्मी मौसमका कारण जुडशीतल पर्वमा सुपाच्य र शरीरलाई ऊर्जा दिने खानेकुराको तयारी गरिन्छ । विशेषतः दही, चनाको सातु, सोहिजनको तरकारी, बदामको पीठोबाट बनाइएको 'बरी' र मठाइएको दहीबाट तयार गरिने 'कढी' पर्वको विशेषता छ ।

गाउँघरका युवाहरूले खेतबारीका रुखविरुवामा पानी छर्किने, एक-अर्कामाथि हिलो, माटो, पानी र खरानी लगाएर पर्व मनाउने परम्परा । सो कार्य जल स्रोतको महत्व र माटोप्रतिको संवेदनशीलता दर्शाउँछ ।

# 'ओलीको कुर्सीलाई एमाले र कांग्रेसबाटै खतरा छ'

**टुडे समाचारदाता**

काठमाण्डु । आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साहले नेपाली कांग्रेस र नेकपा-एमाले) का इमानदार नेताकार्यकर्ताले नेताहरूको कुकर्मलाई स्वीकार नगर्ने टिप्पणी गरेका छन् ।

आजपा केन्द्रीय कार्यालय कोटेश्वर, काठमाण्डुमा मंगलबार आयोजित कार्यक्रममा बोल्दै साहले प्रधानमन्त्री केपी शर्मा ओलीको कुर्सीलाई एमाले र कांग्रेसबाट खतरा रहेको बताएका हुन् ।




पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष साहले भने, 'नेपाली कांग्रेस र नेकपा एमालेका इमानदार कार्यकर्ताहरूले नेताहरूको कुकर्मलाई स्वीकार्दैनन्। नेताहरूको लुट, भ्रष्टाचार तपाईकै पार्टीका नेताकार्यकर्तालाई बढी थाहा छ,'अध्यक्ष साहले अघि थप्दैं भने, 'अत्याचारविरुद्ध गठित पार्टी जहाँ मदन भण्डारी, बीपी कोइरालाको विचार प्रवाहित भइरहेको छ । त्यो पार्टीले नेताहरूको कुकर्मलाई कदापी स्वीकार्दैनन् ।'

सिंहदरबारबाट भ्रष्ट नेताहरूले कुर्सी खाली गरे मात्रै मुलुकले अहिलको संकटबाट निकास पाउने उनको कथन छ ।

उनले भने, 'हामीले पटक-पटक भनेका छौं, तपाईंहरूले कुर्सी छोड्नु। सिंहदरबार खाली गर्नुस् । नेताहरू मालामाल भए, जनता लचार भए । यदि तपाईहरूले कुर्सी छोड्नु भएन भने जनताले लतारेर निकाल्छन्,' उनले भने, 'तपाईंहरूको पार्टीमा हजारौं कार्यकर्ताहरू पनि छन्, जसले तपाईहरूको लुट, भ्रष्टाचार पनि हेरिरहेका छन् । उनीहरूले पनि तपाईंलाई छोड्नेवाला छैनन् ।'

# मालिक र ट्रक चालकमाथि मुद्दा दायर

**टुडे समाचारदाता**

वीरगञ्ज । काठमाण्डुको टोखाबाट बरामद गरिएको २५ करोड मूल्य बराबरको युरो र डलर प्रकरणमा दुई जनाविरुद्ध काठमाण्डु जिल्ला अदालतमा मुद्दा दायर गरिएको छ ।

ट्रक चालक कुसाङ लामा 'फुच्चे' र सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका-४ घर भई काठमाडौं टोखामा बस्दै आएका नारायण पौडेलविरुद्ध अदालतमा मुद्दा दायर गरिएको राजस्व अनुसन्धान विभागका महानिर्देशक चण्डिप्रसाद घिमिरेले जानकारी दिए ।

विभागले उनीहरूविरुद्ध विदेशी विनिमय (नियमित गर्ने) ऐन-२०१९ अन्तर्गत कसुरमा मुद्दा दायर गरेको हो । उनीहरूविरुद्ध २५ करोड ३४ लाख ७८ हजार बिगो मागदाबी गरिएको छ । बरामद मुद्रा जफत गर्न पनि भनिएको छ ।

अपराध अनुसन्धान कार्यालयको टोलीले युरो १३ लाख ७५ हजार १५०, अमेरिकी डलर ३ लाख २० हजार ८५० सहित टोखा नगरपालिका २ भ्फोर स्थित सडकबाट सिन्धुपाल्चोककै तामाङलाई पक्राउ गरेको थियो ।



उनले चलाएको ना ७ ख १६५२ नम्बरको कन्टेनरमा उक्त रकम बरामद भएको थियो। चालक बस्ने स्थानदेखि माथिको क्याबिनमा फल्स बटम बनाइ लुकाएको अवस्थामा प्रहरीले विशेष सूचनाको आधारमा उक्त रकम बरामद गरेको थियो ।

टोखाबाट बरामद २५ करोडका मालिक नारायण पौडेल, जो पटकपटक तस्करीमा मुछिँदै आएका व्यक्ति हुन् ।

बरामद भएको रकम बराबर नै उनीहरूविरुद्ध बिगो कायम गरिएको छ । त्यस्तै सोही ऐनको दफा १७ को उपदफा (१) बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ को उपदफा (९) बमोजिम थप सजायसमेत माग गरिएको छ । कुसाङ लामा सुन पैठारीको मुद्दामा काठमाण्डु जिल्ला अदालतबाट २०७४ असार २६ गते दोषि ठहर भएका थिए ।

सो सजाय भुक्तान गरेको ५ वर्षभित्र अर्को कसुर गरेकाले उनलाई मुलुकी अपराध संहिता २०७४ को दफा ४४ (२) बमोजिम थप सजाय हुन पनि माग गरिएको छ । यस्तै बरामद भएको विदेशी मुद्रा र ट्रक पनि जफत गर्न माग गरिएको छ ।

सो मुद्राका मालिक भनिएका नारायण पौडेल फरार रहेकाले उनको हकमा अदालतबाटै म्याद जारी गर्न पनि अभियोग पत्रमा माग गरिएको महानिर्देशक घिमिरेले बताए। राजश्व अनुसन्धान विभागले उनीहरुले के प्रयोजनको लागि उक्त रकम गाडीमा राखेर चिन तर्फ लादै गरेको भन्ने कुरा भने सार्वजनिक गरेको छैन ।

सो घटनाका मुख्य अभियुक्त पौडेल फरार रहेकोले २५ करोडको रहस्य अझै खुल्न नसकेको विभागका एक अनुसन्धान अधिकृतले बताए ।

# गुडिरहेको कारमा आगलागी



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको बागमतीस्थित निर्माणाधीन बागमती माछा पोखरी (भरत ताल) मा एक कारमा आगलागी भएको छ । नयाँ वर्षको अवसरमा बागमती नगरपालिका-१२ स्थित ताल परिसरमा घुमफिरका लागि आएका पर्यटक सवार ना. ५ च २३३२ नम्बरको कारमा आफैं आगलागी भएको छ । कारमा आगलागी सुरु हुनासाथ भित्र रहेका मानिसहरूले तत्काल बाहिर निस्किएर ज्यान जोगाएको सर्लाही प्रहरीले जनाएको छ ।

कारमा लागेको आगो स्थानीय र प्रहरीको सहयोगमा निभाइएको छ । हरिवन नगरपालिकाबाट दमकल मगाइएको भए पनि नयाँर ोडसम्म दमकल पुग्दा बालुवा र पानी हालेर आगो निभाउन सफल भएकाले दमकलाई बीच बाटोबाटै फिर्ता पठाइएको इलाका प्रहरी कार्यालय कर्मैयाका प्रहरी नायब निरीक्षक सुवास यादवले जनाए ।

उनले आगलागीबाट कारको अघिल्लो भाग, इञ्जिन र सिसामा क्षति पुगेको बताए ।

# इन्धनको मूल्य घट्यो

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल आयल निगमले इन्धनको मूल्य घटाइएको छ । नयाँ मूल्यसूची अनुसार इन्धनको मूल्य घटेको इन्डियन आयल कर्पोरेसनले जनाए पछि निगमले पनि मूल्य घटाएको हो ।

सो निगमले पेट्रोल, डिजेल र मट्टितेलमा प्रतिलिटर ३/३ रुपैयाँ घटाएको छ ।




नयाँ मूल्यसूची अनुसार उपत्यकामा प्रतिलिटर पेट्रोल १ सय ६० रुपैयाँ र डिजेल र मट्टितेल १ सय ४६ रुपैयाँ तिर्नुपर्ने हुन्छ । नयाँ मूल्य सोमबार राति १२ बजेदेखि लागु हुने जनाइएको छ ।

# उद्घाटन खेलमा छिन्नमस्ता विजयी



**टुडे समाचारदाता**

राजविराज । मधेश प्रिमियर लिग तेस्रो संस्करणको उद्घाटन खेलमा छिन्नमस्ताले कोशी दुहबीलाई ५६ रनले पराजित गर्दै विजयी भएको जनाएको छ ।

राजविराजमा मंगलबारदेखि शुरु भएको छिन्नमस्ता रूपनी मधेश राइडर्स र कोशी दुहबी क्यापिटलबीच भएको खेलमा छिन्मस्ता रूपनी मधेश राइडर्सले दिएको एक सय ५६ रनको लक्ष्य कोशी दुहबीले सबै विकेट गुमाएर ९८ रन बनाएपछि छिन्मस्ता ५६ रनले विजयी भएको जनाइएको छ ।

टस जितेर दुहबीले छिन्नमस्ता लाई ब्याटिङ गरेको छिन्मस्ताले १८ ओभरमा ६ विकेट गुमाएर एक सय ५४ रनको योगफल बनाएको थियो । जसमध्ये शंकर राणाले सर्वाधिक ६५ रन बनाएका थिए । सन्तोष कार्कीले ३१ रन र रोहन विकले २२ रन जोडेका थिए । बलिङतर्फ कोशी दुहबीका कृष्ण कार्की र आकाश त्रिपाठीले तीन तीन विकेट लिए ।

प्रतिउतरमा कोशी दुहबीले ओभरको खेलमा १३.४ ओभरमा सबै विकेटको क्षथिमा ९८ रन बनाएको थियो । उसका लागि इसान पाण्डेले ३७ रन, सोनु अन्सारी २९ रन, दीपेश कडेलले १६ रन बनाए ।

बलिङमा छिन्नमस्ताका नारायण जोशी, दिनेश अधिकारीले तीन तीन विकेट छ लिए । अभिषेक कार्कीले दुई तथा दिवान पुनले एक विकेट लिएका थिए । यसअघि प्रतियोगिताको मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले ब्याटिङ गरेर उद्घाटन गरेका थिए ।

**मौसमी फ्लु रोकथामका उपाय**

- बिरामी भएका व्यक्तिसंग भौतिक दुरी कायम राखौं,
- खोक्दा, हाच्छिउँ गर्दा नाक मुख छोपौं,
- पौष्टिक खाना खाऔं, शारीरिक रुपमा सक्रिय बनौं,
- सम्भव भएसम्म बिरामी हुँदा घरमै बसौं,
- बेलाबेलामा साबुनपानीले हात धोऔं वा स्यानिटाइजरको प्रयोग गरौं,
- प्रतिरोधात्मक क्षमता बढाउन योग, ध्यान र व्यायाम गरौं,
- लक्षण देखिएमा चिकित्सकको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

Under the Management of J.E.F Pvt. Ltd
**SIDDHARTHA SHISHU SADAN**
**BOARDING SECONDARY SCHOOL**
Janakpurdham-01

नववर्ष २०८२ को उपलक्ष्यमा सम्पूर्ण अभिभावक, शिक्षक, विद्यार्थीवर्ग, नगरवासी तथा शुभचिन्तकहरुमा यहाँहरुको उत्तरोत्तर प्रगति तथा सु-स्वास्थ्यको लागि हार्दिक मंगलयम शुभकामना व्यक्त गर्दछौं ।

४३ वर्षको गरिमामय शैक्षिक इतिहास पूरागरी ४४ औं वर्षमा प्रवेश गरेको यस सिद्धार्थ शिशु सदनले "एक नारी शिक्षित भए परिवार नै शिक्षित हुने" मान्यतालाई मध्यनजर गर्दै यस शैक्षिक सत्र २०८२ मा पनि विगत् झैं छात्राहरुको नामांकन शुल्कमा ५०% छुटको व्यवस्था गरिएको सहर्ष जानकारी गराइन्छ ।

**शैक्षिक सत्र २०८२ भर्ना सम्बन्धि सूचना**

१. नर्सरी देखि कक्षा ९ सम्म सिमिट सिटको लागि मात्र नयाँ भर्ना लिइनेछ ।
२. प्रवेश परीक्षाको फारम वितरण : मिति २०८१-१२-२५ गते सोमवार देखि
३. प्रवेश परीक्षाको किसिम
(क) नर्सरी देखि कक्षा ५ सम्म - मौखिक मात्र
(ख) कक्षा ६ देखि कक्षा ९ सम्म - लिखित र मौखिक दुवै ।
४. प्रवेश परीक्षा मिति :- २०८२-01-0४ गते विहिवार
(क) पहिलो सत्र (First Shift) :- विहान ८ वजे देखि ११ वजे सम्म
(ख) दोश्रो सत्र (Second Shift) :- दिउँसो १ वजे देखि ४ वजे सम्म
५. प्रवेश परीक्षाको नतिजा (Result) प्रकाशन :- मिति २०८२-01-0५ बिहान ८ वजे
६. नामाङ्कन प्रारम्भ :- मिति २०८२-01-0५ गते विहान ८ वजे देखि

विस्तृत जानकारीका लागि अभिभावक स्वयंले विद्यालयको समयमा वा कार्यालयको फोन नं. ९८५४०२६५६५/९८४४२६०९६९/ ९८०४८९०१८१/ ९८५४०२८७७२ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

यातायातको सुविधा
जनकपुरधाम नगरपालिका भित्र तथा नगरबाहिर महेन्द्रनगर, पर्सा ,पिपरा, भोइल, तेतरीया, थुमौना, कुर्था सम्म

प्राचार्य
**सिद्धार्थ शिशु सदन**
भानुचौक, जनकपुरधाम-९
Ph.no.: 041-041-522969, 525064,
Mob. 9801622969, 9801674658

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८